बेसशहर नगरपालिका, लमजुङ

वार्षिक नगर विकास योजना आ.व. २०८०/०८१

"हामी सबैको रहर - सभ्य र समृद्ध बेसीशहर"

वार्षिक नगर विकास योजना

आर्थिक वर्ष २०८०/०८१

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
२०८०, असार

नगर कार्यपालिकाका पदाधिकारीहरू



गुमानसिंह अर्याल
नगर प्रमुख



पद्मा गुरुङ
उप-प्रमुख



इमनाथ कडेल
प्रमुख प्रशासकीय अधिकृत



दुर्गाबहादुर बुढाथोकी
वडाध्यक्ष, वडा नं. १



मदनबहादुर राना
वडाध्यक्ष, वडा नं. २



चित्रबहादुर दनाई
वडाध्यक्ष, वडा नं. ३



गमबहादुर गुरुङ
वडाध्यक्ष, वडा नं. ४



इन्द्रबहादुर गुरुङ
वडाध्यक्ष, वडा नं. ५



प्रकाश थापा
वडाध्यक्ष, वडा नं. ६



ऋषिराम बस्नेत
वडाध्यक्ष, वडा नं. ७



पवित्रा थापा राना
वडाध्यक्ष, वडा नं. ८



खुशीजङ गुरुङ
वडाध्यक्ष, वडा नं. ९



गंगाबहादुर थापा
वडाध्यक्ष, वडा नं. १०



शिवप्रसाद जोशी
वडाध्यक्ष, वडा नं. ११



हिरालाल विश्वकर्मा
कार्यपालिका सदस्य
(प्रवक्ता)



श्रीनाथ दुलाल
कार्यपालिका सदस्य



कल्पना थापा बोहरा
कार्यपालिका सदस्य



विमला न्यौपाने अधिकारी
कार्यपालिका सदस्य



सुकमाया गुरुङ
कार्यपालिका सदस्य



सुकमाया भुजेल
कार्यपालिका सदस्य



मनिता परियार
कार्यपालिका सदस्य

तेह्रौं नगरसभा अधिवेशनका झलकहरू














बेसीशहर नगरपालिका

वार्षिक नगर विकास योजना

२०८०/०८१



बेसीशहर नगरपालिका, लमजुङ

गण्डकी प्रदेश, नेपाल

२०८०, असार

पुस्तक :
वार्षिक नगर विकास योजना २०८०/०८१

संरक्षक :
नगरप्रमुख श्री गुमानसिंह अर्याल

सल्लाहकार :
उपप्रमुख श्री पद्मा गुरुङ
प्रमुख प्रशासकीय अधिकृत श्री इमनाथ कँडेल

सम्पादक मण्डल :
लेखा अधिकृत श्री सृजना पौडेल
कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल
सूचना प्रविधि अधिकृत श्री मुकेश कुँवर

प्रकाशक :
बेसीशहर नगरपालिका लमजुङ
फोन नं ०६६-५२०१५०

इमेल : besishaharmunicipality@gmail.com
वेभ साइट : besishaharmun.gov.np

मुद्रणः
पब्लिक छापाखाना, बेसीशहर ८

फोन न. ०६६-५२०१५०
Website: besishaharmun.gov.np
Email: besishaharmunicipality@gmail.com

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमजुङ



प.सं. : २०८०/०८१
च.नं. :

मन्तव्य

बेसीशहर नगरपालिकाको तेह्रौं नगरसभा अधिवेशन २०८० असार १० गते शुरु गरिएको थियो । उक्त दिनमा नै नगरपालिकाले नीति, कार्यक्रम तथा बजेट नगरसभा समक्ष पेश गरेको थियो । अधिवेशन शुरु भएको विचमा अन्य गृहकार्य समेत गरी २०८० असार २५ गतेका दिन नगरसभा अधिवेशनबाट बेसीशहर नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट पारित भएको थियो । पारित भएको नीति, कार्यक्रम तथा बजेटलाई समेटी बार्षिक नगर विकास योजना २०८०।०८१ प्रकाशन गर्न लागिएको छ ।

राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा व्यवस्था गरिएका बार्षिक योजना तर्जुमाका अधिकांश चरणहरुलाई पालना गरी बार्षिक योजना तर्जुमा कार्य सम्पन्न गरिएको छ । वस्ती तथा वडास्तरीय भेलाहरु, पूर्व बजेट छलफल गोष्ठी, चालु आ.व.को नीति कार्यक्रमको समिक्षा, राजश्व परामर्श समितिको बैठक, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक, पाँच वटै विषयगत समितिहरुको बैठक, बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक र कार्यपालिका बैठक हुँदै नगरसभा अधिवेशनसम्म पुगिएको थियो । नगरबासी तथा सरोकारवालाहरुसंग समयमै डिजिटल तथा अन्य माध्यमबाट सुझाव संकलन गरिएको थियो ।

वार्षिक योजना तर्जुमा कार्य गर्दै गर्दा विशेष गरी संघीय सरकारबाट समानीकरण तथा राजश्व बाँडफाँटतर्फ बजेट बृद्धि गर्नुको सट्टा आ.व. २०७९।८० को तुलनामा आ.व. २०८०।०८१ मा ३ करोड बजेट कटौती भएका कारण पूँजीगत योजनामा यसको प्रत्यक्ष असर पर्न गएको हुँदा आन्तरिक आय अनुमान महत्वकांक्षी बनाएर पनि पूँजीगत प्रकृतिका योजना तथा कार्यक्रमहरुलाई सम्बोधन गर्ने अधिकतम् प्रयत्न गरिएको छ । जनताले प्रत्यक्ष लाभ पाउने स्थानीय सरकारको बजेट कटौती गर्नुको सट्टा बृद्धि गर्नुपर्नेतर्फ आवश्यक ध्यान जान म संघीय सरकार समक्ष अनुरोध गर्दछु ।

सबै विषय र क्षेत्रहरुमा नगरपालिकाले योजना तथा कार्यक्रम ल्याउनुपर्ने भएकोले कुनैपनि योजनामा पर्याप्त बजेट विनियोजन गर्न सकिने अवस्था देखिदैन । बजेट विनियोजन भएका योजना तथा कार्यक्रमहरु प्रभावकारिताका साथ समयमै सम्पन्न गर्नेतर्फ हाम्रो ध्यान गएको छ । यसको लागि योजना कार्यान्वयन कार्यतालिका नगर कार्यपालिका बैठकबाट निर्धारण समेत गरिएको छ । हामी सबैको रहर-सभ्य र समृद्ध बेसीशहर भन्ने हाम्रो दीर्घकालिन सोचलाई साकार पार्ने दिशातर्फ कार्य गर्न सम्पूर्ण सरोकारवाला तथा नगरबासीहरुमा हार्दिक अपिल गर्दछु । अन्तमा बार्षिक योजना निर्माण कार्यमा संलग्न सबैमा धन्यवाद व्यक्त गर्दछु ।

मिति: २०८०/०४/१०

.....

गुमानसिंह अर्याल
नगर प्रमुख

"हामी सबैको रहर- सभ्य र समृद्ध बेसीशहर"

फोन न. ०६६-५२०१५०
Website: besishaharmun.gov.np
Email: besishaharmunicipality@gmail.com

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमजुङ

प.सं. : २०८०/०८१
च.नं. :



मन्तव्य

"हामी सबैको रहर, सभ्य र समृद्ध वेसीशहर" भन्ने मूल नाराका साथ मिति २०८० असार १० गते उद्घाटन भएको वेसीशहर नगरपालिकाको तेहौँ नगरसभा अधिवेशनमा उपप्रमुखको हैसियतले आ.व. २०८०/८१ को नीति कार्यक्रम र वजेट प्रस्तुत गर्ने अवसर मिल्यो । २०७९ वैशाख ३० गतेको निर्वाचनबाट निर्वाचित भई आउँदा पहिलो अर्थात बाह्रौं नगरसभा अधिवेशन हतार हतारमा सम्पन्न भयो । त्यसैले गत वर्षको सिकाईलाई मनन् गर्दै, नगरबासीको सुझावलाई दस्तावेज बनाउँदै नगरको समृद्धि र विकासलाई मुटुमा राखेर आ.व. २०८०।०८१ को नीति कार्यक्रम र वजेटलाई सकेसम्म जनमुखी बनाउने प्रयत्न गरेका छौं । दोश्रो नगरसभाको दोश्रो नीति, कार्यक्रम र बजेट असार २५ गते सौहार्द्रपूर्ण वातावरणमा नगरसभा अधिवेशनबाट पारित गरी यो पुस्तकमार्फत प्रकाशन गरिएको छ ।

हामी प्रमुख र उपप्रमुख योजना तर्जुमा गर्ने क्रममा वडा, टोल र बस्तीबस्तीमा पुग्यौं, जनताका गुनासो सुन्यौं, आवश्यकता पहिचान गर्यौं, तत्काल सम्पन्न गर्नुपर्ने योजनालाई प्राथमिकतामा राख्यौं । एघार वटै वडामा बजेटको सिलिङ सहित निर्देशन पठायौं । सो अनुसार छनौट भएर आएका योजनालाई जस्ताको तस्तै यस पुस्तकमा ऐनाको रुपमा ल्याएका छौं । स्थानीय सरकार जनतासँग नजिक रहेर काम गर्ने सरकार भएकोले यसको वित्तिय प्रगति उच्च देखिन्छ । बेसीशहर नगरपालिकाको आ.व. २०७९/८० को वितिय प्रगति ८३ प्रतिशत देखिन्छ भने संघ प्रदेशको वितिय प्रगती कमै देखिने गरेको छ ।

अन्तमा समृद्ध नगर बनाउने अभियानमा यहाँका राजनीतिकर्मी, समाजसेवी, बुद्धिजीवि सवैको सकारात्मक सुझाव र सहयोगको अपेक्षा गर्दछु ।

मिति : २०८०/०४/१०

.....

पद्मा गुरुङ
नगर उपप्रमुख

विषय सूची

क्र.सं	विवरण	पेज
१.	बेसीशहर नगरपालिकाको संक्षिप्त बस्तुगत विवरण (नगर प्रोफाइलको आधारमा)	१
२.	वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा सम्पादन गरिएका कार्यहरु	१३
३.	आ.व. २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य	२३
४.	बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८०	४६
५.	बेसीशहर नगरपालिकाको विनियोजन ऐन २०८०	७९
६.	बेसीशहर नगरपालिकाको तेह्रौं नगरसभा अधिवेशनबाट पारित निर्णयहरु	८१
७.	बेसीशहर नगरपालिकाको आय/व्यय विवरण	८७
८.	बेसीशहर नगरपालिकाको आव २०८०/८१ को नगरस्तरीय योजना तथा कार्यक्रमहरु	९४
९.	बेसीशहर नगरपालिकाको आ.ब २०८०/८१ को वडास्तीय योजना तथा कार्यक्रमहरु	१०७
१०.	बेसीशहर नगरपालिकाको आ व २०८०।०८१ का संघीय सशर्त समपुरक र विशेष अनुदानतर्फका कार्यक्रमहरु	१२०
११.	आव २०८०।८१ को कार्य क्षेत्रगत रकम विनियोजन विवरण	१२६
१२.	बेसीशहर नगरपालिकाको आ.व. २०८०।८१ का लागि प्रदेश र केन्द्र सरकार समक्ष सिफारिस गर्ने योजना तथा कार्यक्रमहरु	१२९
१३.	बेसीशहर नगरपालिकाको योजना तर्जुमासंग सम्वन्धित तथा अन्य समितिहरुको विवरण	१४१
१४.	गैर सरकारी संस्थाका कार्यक्रमहरु	१४४
१५.	बेसीशहर नगरपालिकाबाट कायम गरिएका बाटोको मापदण्डहरु	१५२
१६.	जनप्रर्तिनिधि, कर्मचारी तथा संघसंस्थाहरुको विवरण	१६६
१७.	आ.व. २०८०/०८१ मा संघबाट लमजुङ जिल्लामा विनियोजित बजेट/योजनाहरु	१८२
१८.	आ.व. २०८०/०८१ मा प्रदेश सरकारबाट लमजुङ जिल्लामा विनियोजित बजेट/योजनाहरु	१९५

१. बेसीशहर नगरपालिकाको संक्षिप्त बस्तुगत विवरण (नगर प्रोफाइल समेतको आधारमा)

पृष्ठभूमी

बेसीशहर नगरपालिका गण्डकी प्रदेश अन्तर्गत लमजुङ जिल्लामा अवस्थित छ । नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७१/१/२५ को निर्णयानुसार साविकका उदीपुर, गाउँशहर, बेसीशहर, चण्डीस्थान, नाल्मा र पुरानोकोट गाविसहरु समेटेर नगरपालिका घोषणा गरिएको थियो र मिति २०७१/२/१ बाट नगरपालिका स्थापना भई सञ्चालनमा आएको थियो । नयाँ संविधान जारी भए पश्चात २०७३ मा चिती, बाँझाखेत, बाग्लुङपानी (५ वटा वडा) र हिलेटक्सार (एक वडा) समेत समेटेर बेसीशहर नगरपालिका स्थापना भएको हो । जिल्ला सदरमुकाम समेत रहेको यस बेसीशहर नगरपालिकामा हाल ११ वटा वडाहरु रहेका छन् । यस नगरपालिकाको पूर्वमा दोर्दी गाउँपालिका, पश्चिममा क्व्होंलासोथर गाउँपालिका र मध्यनेपाल नगरपालिका, उत्तरमा मर्स्याङ्दी गाउँपालिका र दक्षिणमा सुन्दरबजार नगरपालिका पर्दछन् । नगरपालिकाको केन्द्र वडा नं ८ बेसीशहर बजार स्थित फूलबारीमा रहेको छ ।

यो नगरपालिका राजधानी काठमाण्डौबाट १७८ किमी पश्चिम तथा प्रदेश राजधानी पोखराबाट १०८ किमी पूर्वमा एवम् व्यापारिक क्षेत्र नारायणगढबाट १०२ किमी उत्तरमा अवस्थित छ । यस नगरपालिकाको कुल क्षेत्रफल १२७.६४ वर्ग किमी रहेको छ । भौगोलिक अवस्थिति अनुसार २८ डिग्री ८ मिनेट उत्तरी अक्षांसदेखि २८ डिग्री १६ मिनेट उत्तरी अक्षांससम्म तथा ८४ डिग्री २० मिनेट पूर्वीय देशान्तरदेखि ८४ डिग्री २६ मिनेट पूर्वीय देशान्तरसम्म यस नगरपालिकाको भौगोलिक क्षेत्र फैलिएको छ । नगरपालिकाको केन्द्र बेसीशहर समुद्री सतहबाट ८२० मिटरको उचाईमा रहेको छ । मध्य पहाडी क्षेत्रमा अवस्थित यहाँको औषत तापक्रम २५ डिग्री सेल्सियस र हावापानी समसितोष्ण प्रकारको रहेको छ । यस नगरपालिका समुद्री सतहबाट ६५० मिटरदेखि १९५८ मिटरसम्मको उचाईमा रहेको पाइन्छ । यहाँको वार्षिक औषत बर्षा २८०० मिलिमिटर मापन गरिएको छ । मर्स्याङ्दी र दोर्दी यहाँको मुख्य नदी हुन् । अन्य ससाना खोलाहरुमा भलामखोला, भाचोकखोला, खहरेखोला, किरिञ्चेखोला, पुमा खोला, मजुवाखोला, धुवाखोला, झिंगेखोला, गाइखुरे खोला, राक्सेखोला आदि रहेका छन् ।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वारको रुपमा बेसीशहरलाई लिइन्छ । शाहवंशको उदयस्थल गाउँशहरको लमजुङ दरबार यसै बेसीशहर नगरपालिकामा पर्दछ । गोरखा राज्यमा शाहवंशको स्थापना (द्रव्य शाह) भन्दा अघि नै लमजुङ जिल्लामा शाहवंशीय राजाहरु (पहिलो राजा कुलमण्डन शाह) ले राज्य गरेका थिए । गाउँशहर संगै ऐतिहासिक र पुरातात्विक महत्व बोकेको पुरानोकोटगढी रहेको छ । काउलेपानी, खासुर, नरुवल लगायतका प्रख्यात होमस्टे गाउँहरु, मध्यमर्स्याङ्दी जलविद्युत आयोजनाको जलाशय क्षेत्र यसै नगरपालिकामा रहेका छन् । लमजुङ कालिका, उदिपुर कालिका, चितीको निशानकालिका, बेसीशहर स्थित नारायणस्थान, कर्पुरेश्वर महादेव, हेल्स्यो गुम्बा लगायतका शक्तिपिठहरु यसै नगरपालिकामा रहेका छन् ।

वडागत रुपमा क्षेत्रफल विवरण (वर्ग कि.मी.मा)

वडा नं	क्षेत्रफल	वडा नं	क्षेत्रफल	वडा नं	क्षेत्रफल	वडा नं	क्षेत्रफल
१	११.३४	२	११.५५	३	१०.१०	४	११.०२
५	१५.७७	६	९.४६	७	२.८३	८	१.५४
९	६.४८	१०	२९.९०	११	१७.६२	जम्मा	१२७.६

भू उपयोग सम्बन्धी विवरणः

क्र.सं	विवरण	क्षेत्रफल (वर्ग किमी)	प्रतिशत
१	बस्ती क्षेत्र	३.९६	३.१०
२	खेती गरिएको जमिन	४६.२५	३६.२३
३	बन क्षेत्र	७३.३९	५७.५०
४	घाँसे चरन क्षेत्र	०.१२	०..०९
५	खुल्ला क्षेत्र	०.०८	०.०६
६	सार्वजनिक क्षेत्र	१.५८	१.२३
७	बुट्यान क्षेत्र	०.२९	०.२३
८	बगर क्षेत्र	०.१४	०.११
९	जल क्षेत्र	१.८४	१.४४

श्रोत : शहरी विकास तथा भवन निर्माण विभाग प्रतिवेदन २०७६

जनसंख्या विवरण :

लिङ्गका आधारमा जनसंख्या विवरण

वडा नंः	पुरुष	महिला	जम्मा
१	१४२४	१३५३	२७७७
२	२१४६	२०७५	४२२१
३	१७३९	१६७२	३४११
४	६९३	६८२	१३७५
५	९७४	८५६	१८३०
६	१४१६	१३३७	२७५३
७	४३२०	४३८३	८७०३
८	४००८	३८६४	७८७२
९	११७६	११५०	२३२६
१०	१७६२	१५८५	३३४७
११	३०७३	२९१०	५९८३
जम्मा	**२२७३१**	**२१८६७**	**४४५९८**

जातजातिका आधारमा जनसंख्या विवरण

जातजाति	संख्या	प्रतिशत
क्षत्री	१२२५६	२७.४८
गुरुङ	११७२३	२६.२९
बाह्मण	४७४७	१०.६४
कामी	३०९४	६.९४
तामाङ	२९५४	६.६२
सार्की	२५६४	५.७५
नेवार	२१३८	४.७९
दमाई	२००१	४.४९
मगर	१५०५	३.३७
घर्ती/भुजेल	६७२	१.५१
मुसलमान	३५९	०.८०
अन्य	२९८	०.६७
मधेसी	२८७	०.६४
जम्मा	**४४५९८**	**१००**

शैक्षिक स्तरका आधारमा आधारमा जनसंख्या विवरण

शैक्षिकस्तर	संख्या	प्रतिशत
कक्षा १ देखि कक्षा १०	२००७९	४५.०२
IA वा सो सरह	५१३०	११.५०
S.L.C. वा सो सरह	४९०४	११.००
लेखपढ गन नसक्ने (निरक्षर)	३९५९	८.८८
अनौपचारिक/प्रौढ शिक्षा	३९१२	८.७७
BA वा सो सरह	२३९८	५.३८
५ वर्षभन्दा मुनिका बालबालिका	२१४४	४.८१
पूर्व प्राथमिक (नर्सरी, के.जी./ECD)	१३४३	३.०१
MAवा सोभन्दा माथि	७२९	१.६३
जम्मा	**४४५९८**	**१००**

बसोबास अवस्थाको आधारमा आधारमा जनसंख्या विवरण

बसोबासको अवस्था	संख्या	प्रतिशत
गणना गरेको ठाउँमा बसेको	३४८५७	७८.१६
स्वदेशमा अन्यत्र बसेको	५५०६	१२.३५

बसोबासको अवस्था	संख्या	प्रतिशत
विदेशमा बसेको	४२३५	९.५०
जम्मा	**४४५९८**	**१००**

पेशाको आधारमा आधारमा जनसंख्या विवरण

पेशा	संख्या	प्रतिशत
विध्यार्थी (अध्ययनरत)	८५०७	१९.०८
घरधन्दा	७७३६	१७.३५
१० वर्ष वा १० भन्दा मुनिका बालबालिका	६७६०	१५.१६
कृषि तथा पशुपालन	५७००	१२.७८
नोकरी/जागिर	४६५१	१०.४३
वैदेशिक रोजगारी	३८२१	८.५७
बेरोजगार	३३४८	७.५१
उद्योग तथा व्यापार	२२३०	५.००
ज्याला/मजदूरी	१३७३	३.०८
व्यावसायिक कार्य (जस्तैः पत्रकार, वकिल, परामर्श, ठेक्कापट्टा, पुजारीआदि)	३१३	०.७०
अन्य	१५९	०.३५
जम्मा	**४४५९८**	**१००**

अपांगता भए/नभएको आधारमा जनसंख्या विवरण

अपाङ्गताको स्थिति	संख्या	प्रतिशत
अपाङ्गता नभएको	४३२४०	९६.९५
शारीरिक अपाङ्गता	४७२	१.०६
सुनाइसम्बन्धी अपाङ्गता	२४२	०.५४
दृष्टिसम्बन्धी अपाङ्गता	१८१	०.४१
स्वर बोलाइसम्बन्धी अपाङ्गता	१७४	०.३९
बहुअपाङ्गता	११४	०.२६
मानसिक अपाङ्गता	१०४	०.२३
बौद्धिक अपाङ्गता	५७	०.१३
श्रवण दृस्टिविहीन	१४	०.०३
जम्मा	**४४५९८**	**१००%**

घरपरिवार विवरण :

परिवार संख्या विवरण

वडा नं:	परिवार संख्या	प्रतिशत
१	५७०	५.८०
२	९०६	९.२१
३	७५६	७.६९
४	२४७	२.५१
५	३८२	३.८८
६	५८७	५.९७
७	१९९४	२०.२८
८	१८८१	१९.१३
९	४९७	५.०५
१०	७९५	८.०८
११	१२१९	१२.४०
जम्मा	**९८३४**	**१००**

घरको स्वामित्वको आधारमा परिवारको विवरण

घरको स्वामित्व	परिवार संख्या	प्रतिशत
निजी/आफ्नै	७२१०	७३.३२
भाडामा	२४८५	२५.२७
अन्य	९६	०.९८
संस्थागत	४३	०.४४
जम्मा	**९८३४**	**१००**

घरको छानाको प्रकारको आधारमा घरपरिवार विवरण

छानाको प्रकार	परिवार संख्या	प्रतिशत
जस्ता, टिन वा च्यादर छाना भएको	५६२०	५६.१३
आरसीसी ढलान भएको	३८३९	३९.०४
टायल वा ढुङ्गाका छाना भएको	३७५	३.८१
जम्मा	**९८३४**	**१००**

खानेपानीको उपलब्धताको आधारमा घरपरिवार विवरण

खानेपानीको मुख्य स्रोत	परिवार संख्या	प्रतिशत
पाइपधारा घरमा	७६४१	७७.७०
पाइपधारा सार्वजनिक	१८४९	१८.८०

खानेपानीको मुख्य स्रोत	परिवार संख्या	प्रतिशत
मूलको पानी	२५२	२.५६
नढाकिएका इनार/कुवा	४०	०.४१
नदी खोला	३५	०.३६
ढाकिएका इनार/कुवा	१४	०.१४
डिप बोरिङ	३	०.०३
जम्मा	**९८३४**	**१००**

आम्दानीको श्रोतको आधारमा घरपरिवार विवरण

आम्दानीको स्रोत	परिवार संख्या	प्रतिशत
कृषि तथा पशुपालन	३५९४	३६.५५
वैदेशिक रोजगार	२९३२	२९.८१
नोकरी/जागिर	२८६२	२९.१०
पेन्सन	१६८२	१७.१०
व्यापार/व्यवसाय	१६२२	१६.४९
दैनिक ज्यालादारी	१३८३	१४.०६
अन्य	९९१	१०.०८
घर, जग्गा भाडामा	७९२	८.०५
सवारी साधन/मेसिन भाडा	१३८	१.४०
ब्याज/ लाभांश	८४	०.८५

कृषि गर्ने घरपरिवाहरुमध्ये खानपुग्ने आधारमा घरपरिवार विवरण

महिना	परिवार संख्या	प्रतिशत
३ महिनासम्म	१३७०	२५.७३
४ देखि ६ महिनासम्म	१५४७	२९.०६
७ देखि ९ महिनासम्म	७५१	१४.११
९ देखि १२ महिनासम्म	१६५६	३१.१०
जम्मा	**५३२४**	**१००**

भौतिक पूर्वाधार विवरण

क्र.सं	विवरण	इकाइ	परिमाण
१.	सडक संख्या	वटा	२२५
२.	सडकको कुल लम्बाई	किमी	४४७
३.	पक्की सडकको लम्बाई	किमी	३७

क्र.सं	विवरण	इकाइ	परिमाण
४.	ग्राभेल सडकको लम्बाई	किमी	१५
५.	कच्ची सडकको लम्बाई	किमी	३९५
६.	जम्मा सिञ्चाई कुलोको संख्या	वटा	३७७
७.	बाह्रैमास सिंचाई हुने कुलोको संख्या	वटा	२१
८.	गोरेटो बाटोको संख्या	वटा	३९६
९.	गोरेटो बाटोको कुल लम्बाइ	किमी	४२६
१०.	सुविधायुक्त गोरेटो बाटोको लम्बाई (सिंढी)	किमी	८५
११.	खेलमैदान संख्या	वटा	२५
१२.	मनोरञ्जनस्थल संख्या	वटा	३७
१३.	कुल सामुदायिक भवन संख्या	वटा	२२९ (राम्रो-३५,ठीकै- ११२,कमजोर-३६)
१४.	सरकारी भवन संख्या	वटा	५१
१५.	झोलुंगे पुलको संख्या	वटा	३१
१६.	सडक पुल संख्या	वटा	८
१७.	फलामे पुल, कल्भर्ट संख्या	वटा	११
१८.	विद्युत मिल संख्या	वटा	७३
१९.	खानेपानी स्किम संख्या	वटा	१४६ (पूर्ण सुरक्षित स्किम ८६, जीर्ण ५४, ठीकै ६)

स्वास्थ्य संस्था सम्बन्धी विवरण :

क्रं.स	विवरण	परिमाण
१	जिल्ला अस्पताल संख्या	१
२	नीजि अस्पताल संख्या	१
३	स्वास्थ्य चौकी संख्या	७
४	शहरी स्वास्थ्य केन्द्र संख्या	४
५	आधारभूत स्वास्थ्य सेवा केन्द्र संख्या	१
६	स्वास्थ्य सेवा केन्द्र संख्या	१
७	क्लिनिक/फार्मेसी/आंखा तथा डेन्टल/ल्याव (नीजि)	३०
८	महिला सामूदायिक स्वास्थ्य स्वयंसेविका संख्या	११८
९	गाउंघर क्लिनिक संख्या	२६
१०	खोप क्लिनिक संख्या	३६
११	वर्धिङ सेन्टरको संख्या	४
१२	ल्याव संचालन भएको स्वास्थ्य संस्था संख्या	२
१३	पूर्ण खोप पाएका वालवालिका संख्या	४३३
१४	प्रमूख रोगहरु ग्याष्ट्रिक, ApD, Headache, Diarrhoea case, Backache, Cut injuries ,URT, Rhinitis case,Fever,रक्तचाप,मधूमेह,दम तथा प्रसूतीजन्य रोगहरु रहेका छन ।	

शिक्षासंग सम्बन्धी विवरण :

क्र.सं	विवरण	इकाइ	परिमाण
क	**सामुदायिक विद्यालयतर्फ**		
१.	इ सि डि देखि कक्षा ९-१०/९-१२ सञ्चालित मा वि संख्या	वटा	१४
२.	इ सि डि देखि कक्षा ८ सम्म सञ्चालित आ वि संख्या	वटा	२
३.	इ सि डि देखि कक्षा ५ सम्म सञ्चालित आ वि संख्या	वटा	१७
४.	इ सि डि देखि कक्षा ३ सम्म सञ्चालित आ वि संख्या		१८
५.	**जम्मा विद्यालय संख्या**		**५१**
६.	छात्र संख्या	जना	२०६४
७.	छात्रा संख्या	जना	२१८८
८.	**जम्मा**		**४२५२**
९.	समुदायमा आधारित बाल विकास केन्द्र	वटा	८
१०.	समुदायमा आधारित बाल विकासमा बालबालिका संख्या		६४
११.	सामुदायिक सिकाइ केन्द्र संख्या	वटा	३
१२.	सामुदायिक विद्यालयमा कार्यरत कुल शिक्षक संख्या	जना	३०८
१३.	बाल शिक्षक संख्या	जना	४५
१४.	लेखा कर्मचारी संख्या	जना	१३
१५.	विद्यालय सहयोगी संख्या	जना	**५१**
१६.	सामुदायिक सिकाइ केन्द्र सहजकर्ता संख्या	जना	३
ख	**संस्थागत विद्यालयतर्फ**		
१७.	प्ले ग्रुप देखि कक्षा ९-१०/९-१२ सञ्चालित माध्यमिक विद्यालयको सङ्ख्या	वटा	८
१८.	प्ले ग्रुप देखि कक्षा ५/८ सम्म सञ्चालित आधारभूत विद्यालयको सङ्ख्या	वटा	५
१९.	**जम्मा**		**१३**
२०.	छात्र संख्या	जना	२९८४
२१.	छात्रा संख्या	जना	२२३८
२२.	**जम्मा विद्यार्थी**		**५२२२**
२३.	संस्थागत विद्यालयमा कार्यरत जम्मा शिक्षक संख्या		३१०
२४.	प्रि प्राइमरी मन्टेश्वरी संख्या	वटा	३
२५.	प्रि प्राइमरी मन्टेश्वरीमा बालबालिका संख्या	जना	२६४
२६.	प्रि प्राइमरी मन्टेश्वरीमा शिक्षक संख्या	जना	३०
२७.	**सामुदायिक र संस्थागत विद्यालयको कुल विद्यार्थी संख्या (इसिडी र मन्टेश्वरी समेत)**	जना	**९८०२**
२८.	बाल संरक्षण गृह संख्या	वटा	१

क्र.सं	विवरण	इकाइ	परिमाण
२९.	क्याम्पस संख्या	वटा	३
३०.	क्याम्पसमा विद्यार्थी संख्या		७४९

बेसीशहर नगरपालिकाको कृषि सम्बन्धी विवरण

क्र.स	विवरण	संख्या
१.	दर्ता भएका कृषक समूह	१०६
२.	रासायनिक मल विक्रिका लागि अनुमति लिएका कृषि सहकारी/संस्थाहरु	११
३.	एग्रोभेट	७
४.	दर्ता भएकाफलफूल नर्सरी	३
५.	हालसम्म निर्मित भएका स्थायी टनेल	३३७
६.	हालसम्म निर्मित भएका अस्थायी टनेल	२०२

हालसम्मदर्ता भएका कृषि तथा पशुपालन फर्महरुको वडागत संख्याको विवरण :

वडा नं.	फर्म संख्या	कैफियत
१.	१४	
२.	३९	
३.	२२	
४.	१४	
५.	९	
६.	१९	
७.	२१	
८.	७	सबैभन्दा कम फर्म दर्ता भएको ।
९.	२२	
१०.	५४	सबैभन्दा बढि फर्म दर्ता भएको ।
११.	३३	

बेसीशहर नगरपालिकामा खेती भएका प्रमुख वालिहरुको विवरण :

क्र.सं.	वालीको प्रकार	खेतीगरिएको क्षेत्रफल (हे.)	उत्पादन (मे. ट.)
१.	अन्नबाली	६३५१	११४४७
२.	तरकारी बाली	३२९	३१६४
३.	फलफूलबाली	७३.८	५५९
४.	तेलहनबाली	८७	७२.०९
५.	दलहनबाली	५३.२	४५.२

क्र.सं.	वालीको प्रकार	खेतीगरिएको क्षेत्रफल (हे.)	उत्पादन (मे. ट.)
६.	मसलाबाली	२४८	८२०
७.	नगदेबाली	१८०.५	११२४

बेसीशहर नगरपालिकामा सञ्चालित व्यवसायहरुको विवरण

क्र.सं.	वडा नं.	सूचिकृत संख्या	सूचिकृत हुन बाँकी	जम्मा व्यवसाय
१	कृषि तथा पशु फर्म	५०८		
२	खाध्यान्न तथा किराना पसल	२३४		
३	होटल तथा रेष्टुरेण्ट व्यवसाय	१८२		
४	फेन्सी, कपडा पसल तथा टेलरिङ	११८		
५	कस्मेटिक तथा पार्लर सम्बन्धी	५०		
	साना सवारी साधन (टेम्पो)	६२		
	घ वर्गका ठेकेदार फर्महरु	५२		
७	आमा, बाबा, महिला समूह तथा युवा क्लव	४९		
६	फ्रेस हाउस (मासु पसल)	४६		
१०	जलस्रोत (सिंचाई तथा खानेपानी)	३६		
८	स्वास्थ्य संस्थाहरु (मेडिकल, डेन्टल तथा नीजि अस्पताल)	३५		
९	वर्कसप	३५		
११	ईलेक्ट्रिक। ईलेक्ट्रोनिक्स	३२		
१२	स्टेसनरी, छापाखाना, पुस्तक सपल (फ्लेक्स प्रिन्ट समेत)	२९		
१३	गैह्र सरकारी तथा अन्य संस्थाहरु	२९		
१९	फलफुल तथा तरकारी पसल (डेरी समेत)	२५		
१७	सहकारी सस्था (बेसीशहर नगरपालिका नियमन भित्र पर्ने)	२५		
१८	सहकारी सस्था (संघ, प्रदेश नियमन भित्र)	९		
१४	बैंक तथा वित्तीय संस्थाहरु	२०		
१५	लघुवित्तहरु	६		
१६	ईन्स्योरेन्स कम्पनीहरु	२०		
२०	हार्डवयर, रंगरोगन तथा मार्वल, आल्मुनियम	२३		
२१	राईस मील तथा मसला उधोग	२१		
२२	सुनचाँदी पसल	२०		
२३	लेखापढी तथा अडिटर्स	१७		
२४	भाँडा पसल, किचन हाउस	१२		

क्र.सं.	वडा नं.	सूचिकृत संख्या	सूचिकृत हुन बाँकी	जम्मा व्यवसाय
२५	कम्प्यूटर ईन्स्टिच्यूट, ल्याङ्गवयज तथा एजुकेसन सेन्टर	११		
२६	होम स्टे	१०		
२७	फर्निचर तथा काष्ठ उध्योग	१०		
२८	हेयर कटिङ तथा सैलुन	१०		
२९	कलर ल्याव (फोटो स्टुडियो)	९		
३०	एग्रोभेट	७		
३१	सुचना तथा संचार -पत्रपत्रिका	६		
३२	यातायात तथा सवारी साधनसँग सम्बन्धी	६		
३३	स्कूल विद्यालय	५		
३४	सटर ग्रील उधोग	५		
३५	गेम हाउस	५		
३६	ब्लक तथा ईट्टा उध्योग	४		
३७	बिबिध	३४		
	जम्मा:	**१८१७**		

वडास्तरको सूचिकृत व्यवसायी विवरण

क्र. सं.	वडा नं.	सूचिकृत संख्या	सूचिकृत हुन बाँकी	कै.
१	बेसीशहर वडा नं. १	७३	६३	
२	बेसीशहर वडा नं. २	११९	५७	
३	बेसीशहर वडा नं. ३	१२८	२८	
४	बेसीशहर वडा नं. ४	३६	७	
५	बेसीशहर वडा नं. ५	५५	६	
६	बेसीशहर वडा नं. ६	७०	२७	
७	बेसीशहर वडा नं. ७	४३८	२७९	
८	बेसीशहर वडा नं. ८	४९३	३६६	
९	बेसीशहर वडा नं. ९	५६	१८	
१०	बेसीशहर वडा नं. १०	१३६	३५	
११	बेसीशहर वडा नं. ११	८९	२५	
	अन्य (टेम्पो, ठेकेदार र होमस्टे)	१२४		
	जम्मा	**१८१७**	**९११**	

विविध विवरण :

क्र.सं	विवरण	इकाइ	परिमाण
१.	आमा समुह संख्या	वटा	१६८
२.	टोल विकास संस्था संख्या	वटा	८२
३.	होमस्टे गाउँको संख्या	वटा	९
४.	होमस्टे घरको संख्या	वटा	११४
५.	होमस्टे कोठाको संख्या	वटा	१५९
६.	होमस्टे बेडको संख्या	वटा	३४६
७.	पर्यटकीय स्थलको संख्या	वटा	३५

२. वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा सम्पादन गरिएका कार्यहरु

पृष्ठभूमी :

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा असार १० गते भित्र स्थानीय तहहरुले नगरसभामा आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट पेश गरिसक्नुपर्ने तथा असार मसान्तभित्र नगरसभाबाट स्वीकृत गरिसक्नुपर्ने व्यवस्था छ । यही कानूनी व्यवस्था वमोजिम बेसीशहर नगरपालिकाको नगरसभाको तेह्रौं अधिवेशन मिति २०८० असार १० गतेका दिन शुरु भई २०८० असार २५ गते सम्पन्न भएको थियो । २०८० असार १० गतेको नगरसभा अधिवेशन बैठकमा बेसीशहर नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को बार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गरिएको थियो भने २०८० असार २५ गतेको नगरसभा बैठकले संशोधन सहित नीति, कार्यक्रम तथा बजेट पारित गरेको थियो । नगरसभा अधिवेशनबाट आर्थिक बर्ष २०८०/०८१ को बार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने अवस्थासम्म आइपुग्दा विभिन्न चरणहरुमा विभिन्न कार्यहरु सम्पन्न भएका थिए । राष्ट्रिय योजना आयोगले जारी गरेको "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८" वमोजिम स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका चरण तथा कार्य देहाय वमोजिम निर्धारण गरेको पाइन्छ ।

स्थानीय तहको बार्षिक योजना तर्जुमाका चरणहरु

चरण/योजना तर्जुमा सम्बन्धी कार्य	समय सीमा	प्रमुख जिम्मेवारी
चरण : १ बजेटको पूर्व तयारी		
१.विषय क्षेत्रसंग सम्बन्धित सूचना संकलन र विश्लेषण गरी स्थितिपत्र अद्यावधिक गर्ने	मंसिर मसान्तभित्र	विषयगत शाखा
२.आगामी तीन आ.व.मा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना समेत कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको विवरण तयार गर्ने	पुस १५ गते भित्र	विषयगत शाखा/प्रप्रअ, विषयगत समिति
३.आगामी आ.व.को राजश्व (आन्तरिक स्रोत, राजश्व बाँडफाँट, रोयल्टी, अनुदान र ऋण) को प्रक्षेपण र अनुमान तयार गर्ने	पुस १५ गते भित्र	राजश्व परामर्श र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति
४. आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक विवरण संघ र प्रदेश अर्थ मन्त्रालयमा पेश गर्ने	पुस मसान्त भित्र	राजश्व तथा आर्थिक प्रशासन शाखा
५.विषयगत क्षेत्र विभाजन गर्ने र सदस्यलाई जिम्मेवारी दिने	माघ मसान्त भित्र	कार्यपालिका
चरण : २ श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण		

चरण/योजना तर्जुमा सम्बन्धी कार्य	समय सीमा	प्रमुख जिम्मेवारी
६.संघ र प्रदेशबाट अनुदान र राजश्व बाँडफाँट र रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त गर्ने	संघबाट फागुन र प्रदेशबाट चैत मसान्तभित्र	प्रमुख प्रशासकीय अधिकृत
७.गैसस, उपभोक्ता समिति, सहकारी संस्था आदिसंग योजना तथा बजेट सम्बन्धमा पूर्व बजेट छलफल गर्ने	चैत मसान्त भित्र	प्रमुख /अध्यक्ष
८.नीति तथा कार्यक्रम तयार गरी प्रमुख/अध्यक्षद्वारा सभामा पेश गर्ने	बैशाख ७ गते भित्र	प्रमुख/अध्यक्ष
९.बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार गर्ने	बैशाख ७ गते भित्र	श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति
१०.कुल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्ने	बैशाख १० गते भित्र	श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति
११.विषयगत शाखा तथा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने	बैशाख १५ गते भित्र	प्रमुख प्रशासकीय अधिकृत
चरण : ३ बस्ती/टोलस्तरबाट योजना छनौट		
१२.बस्ती/टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँट गर्ने	बैशाख मसान्त भित्र	वडा समिति
१३.बस्ती/टोलस्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने ।	बैशाख मसान्त भित्र	वडा समिति र समितिका तोकिएका सदस्य
चरण ४: वडास्तरीय योजना प्राथमिकता निर्धारण		
१४.बस्ती/टोलस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषयक्षेत्र अनुसार छुट्याउने	जेष्ठ १० गते भित्र	वडा समिति तथा कार्यालय
१५.वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने	जेष्ठ १० गते भित्र	वडा समिति तथा कार्यालय
चरण : ५ एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा		
१६.विषयगत शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने	जेठ १५ गते भित्र	विषयगत शाखा
१७.विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण तथा साङ्केतीकण गर्ने	जेष्ठ २५ गते भित्र	विषयगत समिति
१८.बजेट (राजश्व, व्यय तथा वित्तिय व्यवस्था) तथा विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने	जेष्ठ मसान्तभित्र	बजेट तथा कार्यक्रम तर्जुमा समिति

चरण/योजना तर्जुमा सम्बन्धी कार्य	समय सीमा	प्रमुख जिम्मेवारी
१९.गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकिकृत गरी समावेश गर्ने	असार ५ गते भित्र	बजेट तथा कार्यक्रम तर्जुमा समिति
२०.आर्थिक विधेयकको मस्यौदा तयार गरी पेश गर्ने	असार ५ गते भित्र	बजेट तथा कार्यक्रम तर्जुमा समिति
२१.विनियोजन विधेयकको मस्यौदा तयार गरी पेश गर्ने	असार ५ गते भित्र	बजेट तथा कार्यक्रम तर्जुमा समिति
चरण : ६ कार्यपालिकाबाट स्वीकृति र सभामा पेश		
२२.बजेट (राजश्व, व्यय र वित्तिय व्यवस्थाको अनुमान),बार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक एवम् विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश गर्ने	असार १० गते भित्र	स्थानीय कार्यपालिका
चरण : ७ सभाबाट स्वीकृति		
२३. बजेट(राजश्व, व्यय तथा वित्तिय व्यवस्थाको अनुमान), बार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने	असार मसान्त भित्र	स्थानीय सभा
२४.बजेट पुस्तिका तयारी तथा छपाई गर्ने	साउन १५ गते भित्र	प्रमुख प्रशासकीय अधिकृत

यिनै चरणहरुलाई आधार मानी बेसीशहर नगरपालिकाले नगरसभाको तेह्रौं अधिवेशन सम्पन्न गर्ने सिलसिलामा सम्पादन गरेका कार्यहरुको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ ।

क. राजश्व परामर्श समितिको बैठक :

बार्षिक योजना तथा बजेट तर्जुमा तयारीको सन्दर्भमा राजश्व परामर्श समितिको बैठक नगर उपप्रमुख श्री पद्मा गुरुङको अध्यक्षतामा मिति २०८० जेष्ठ ८ गतेका दिन बसेको थियो । उक्त बैठकले चालु आवको हालसम्मको आन्तरिक आयको अवस्था समेतलाई विचार गरी आगामी आव २०८०।०८१ को शीर्षकगत आन्तरिक आय अनुमान स्वीकृत गऱ्यो । साथै आगामी आर्थिक बर्ष २०८०।०८१ मा बेसीशहर नगरपालिकाबाट लगाइने विभिन्न कर, दस्तुर, सेवा शुल्कका दर तोकी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरेको थियो । उक्त बैठकले कुल आन्तरिक राजश्व (स्थानीय राजश्व समेत) ६ करोड २६ लाख ३६ हजार अनुमान गरेको थियो । उक्त बैठकले बेसीशहर नगरपालिकाबाट आर्थिक बर्ष २०८०।०८१ का लागि घडेरी तथा व्यापारिक प्रयोजनका जग्गाहरुको विवरण तथा मूल्यांकन रकम थपघट वा परिवर्तन गर्नुपर्ने भएमा थपघट गरी पठाउन सवै वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरेको थियो ।

ख. अवस्था विश्लेषण तथा समीक्षा गोष्ठी

आर्थिक बर्ष २०८०।०८१ को बार्षिक नीति तथा कार्यक्रम तयार गर्ने सन्दर्भमा बेसीशहर नगरपालिकाले चालु आ.व. २०७९।८० का लागि पारित गरेका नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनको अवस्था विश्लेषण गरिएको थियो । सो अवस्था विश्लेषण गोष्ठी २०८० जेष्ठ ९ गते नगरपालिकाको सभाहलमा आयोजना गरिएको थियो । नगरप्रमुखको अध्यक्षतामा भएको उक्त गोष्ठीमा नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरु, शाखा प्रमुखहरु गरी कुल २८ जनाको उपस्थिति रहेको थियो । उक्त गोष्ठीमा चालु आ.व. २०७९।८० का क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको वर्तमान अवस्था, प्रभावकारी देखिएका नीति तथा कार्यक्रमहरु, आगामी आ.व.मा निरन्तरता दिनु पर्ने कार्यक्रमहरु तथा आगामी आ.व.मा राख्नु पर्ने नयाँ नीति तथा कार्यक्रमहरुको सन्दर्भमा छलफल भएको थियो ।

ग. पूर्व बजेट छलफल गोष्ठी :

राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा स्थानीय तहले पूर्व बजेट छलफल गोष्ठी आयोजना गर्नुपर्ने व्यवस्था छ । उक्त दिग्दर्शनलाई समेत आधार मानी बेसीशहर नगरपालिकाले २०८०।०२।११ का दिन पूर्व बजेट छलफल गोष्ठीको आयोजना गरेको थियो । यस छलफल गोष्ठीमा नगर कार्यपालिका परिवार, जिल्लास्थित संघीय तथा प्रदेश मातहतका कार्यालयहरुका कार्यालय प्रमुख वा प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुलाई आमन्त्रण गरिएको थियो । साथै नगरपालिकाका शाखा प्रमुखहरुको पनि सहभागिता रहेको थियो । उक्त गोष्ठीमा योजना तर्जुमाको सैद्धान्तिक अवधारणा, स्थानीय तहको योजना तर्जुमाको संस्थागत व्यवस्था, योजना तर्जुमा प्रक्रियाका चरणहरु, योजना तर्जुमाका क्षेत्रहरु, चालु आवका मुख्य मुख्य कार्यक्रमहरु तथा आगामी आवको बजेटका सम्बन्धमा प्रस्तुतीकरण गरिएको थियो । प्रस्तुतीकरण पश्चात सहभागीहरुबाट सुझाव, जिज्ञासा तथा विचारहरु लिने कार्य भएको थियो । उक्त गोष्ठीमा संघीय र प्रदेश कार्यालयहरुबाट सहभागिता भए पनि अपेक्षाकृत सहभागिता भने हुन सकेन । गोष्ठीमा सहभागीहरुबाट व्यक्त भएका सुझाव र विचारहरुलाई आगामी आ.व.को नीति तथा कार्यक्रम तयार गर्ने सन्दर्भमा समावेश गर्ने प्रतिवद्धता नगरप्रमुखबाट व्यक्त भयो । नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा यस गोष्ठीबाट मद्दत पुगेको आभास मिलेको थियो ।

घ. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक

२०८० जेष्ठ १४ गतेका दिन बेसीशहर नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक बस्यो । नगरप्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको बैठकले बेसीशहर नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को कुल अनुमानित आय प्रक्षेपण गऱ्यो । उक्त बैठकले नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को आन्तरिक आय अनुमान रु ६ करोड, २६ लाख ३६ हजार प्रक्षेपण गऱ्यो । साथै संघीय समानीकरण अनुदान १३ करोड १९ लाख, संघीय राजश्व बाँडफाँड १० करोड ९३ लाख ७६ हजार, प्रदेश समानीकरण अनुदान १ करोड ६० लाख, प्रदेश राजश्व बाँडफाँड १ करोड ४५ लाख, चालु आवको खर्च नभई जिम्मेवारी सर्ने (अनुमानित) ५ करोड, संघीय सशर्त अनुदान ३० करोड, संघीय विशेष अनुदान २

करोड ५० लाख, संघीय समपुरक अनुदान १ करोड ५० लाख, प्रदेश सशर्त अनुदान ५० लाख, प्रदेश विशेष अनुदान ५० लाख, प्रदेश समपुरक अनुदान ५० लाख तथा सडक बोर्ड समेतको अन्यतर्फ २ करोड ६५ लाख गरी कुल ७६ करोड ५९ लाख १२ हजार आय अनुमान गरेको थियो । तर यस अनुमानमा नगरसभासम्म आइपुग्दा फेरबदल भएको पाइन्छ । यस बैठकले विषय क्षेत्रगत बजेट सीमा पनि तोकेको थियो जसमा आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास सेवा प्रवाह र सुशासनतर्फ गरी कुल ५ वटा विषयक्षेत्रमा बजेट सीमा निर्धारण गरेको थियो । यसै बैठकले बजेटका सिद्धान्त र प्राथमिकता विभिन्न २० वटा बुँदामा उल्लेख गरी निर्धारण गरेको थियो । श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको यस बैठकले वडागत बजेट सीमा तथा वडास्तरीय र नगरस्तरीय योजना छनौट सम्बन्धी मापदण्ड निर्धारण गरेको थियो ।

ङ. बस्ती तथा वडास्तरीय योजना तर्जुमा गोष्ठी

बस्तीस्तरबाटै योजना छनौट गर्ने अवधारणा (Bottom up Approach) वमोजिम सवै वडाहरुले आ आफ्नो तरिकाबाट बस्तीस्तरको भेला बैठकहरु आयोजना गरेका थिए । बस्ती/टोलस्तरीय भेला पश्चात वडास्तरीय योजना तर्जुमा गोष्ठीहरु २०८० जेष्ठ १५ गतेबाट २५ गतेसम्म सम्पन्न गरिएका थिए । वडास्तरीय योजना तर्जुमा गोष्ठी सम्वन्धित वडाको वडाध्यक्षको अध्यक्षतामा तथा नगरप्रमुखको प्रमुख आतिथ्यता र नगर उपप्रमुखको विशेष आतिथ्यतामा सम्पन्न भएका थिए । वडास्तरीय भेलामा चालु आ.व.को योजना तथा कार्यक्रमहरुको समीक्षा गरिनुको साथै बस्ती/टोल भेलाबाट छनौट भएका योजना तथा कार्यक्रमहरु प्रस्तुत भएका थिए । वडास्तरीय योजना तर्जुमा गोष्ठी देहायको मितिमा देहायका वडाहरुमा सम्पन्न गरिएको थियो ।

वडा नं	वडास्तरीय गोष्ठीको मिति	वडा नं	वडास्तरीय गोष्ठीको मिति
१	२०८०।०२।१७	२	२०८०।०२।१६
३	२०८०।०२।१७	४	२०८०।०२।१८
५	२०८०।०२।२६	६	२०८०।०२।२४
७	२०८०।०२।२१	८	२०८०।०२।२२
९	२०८०।०२।२३	१०	२०८०।०२।२४
११	२०८०।०२।२१		

च. विषयगत समितिहरुको बैठक

विषयगत समितिहरुको बैठक २०८० जेष्ठ २८ गतेदेखि ३२ गतेसम्म सञ्चालन भएको थियो । पूर्वाधार विकास समितिको बैठक समितिका संयोजक श्री हिरालाल विश्वकर्माको अध्यक्षतामा, सामाजिक विकास समितिको बैठक समितिका संयोजक श्री मदन बहादुर रानाको अध्यक्षतामा, वन वातावरण तथा विपद व्यवस्थापन समितिको बैठक समितिका संयोजक श्री ऋषिराम बस्नेतको अध्यक्षतामा, आर्थिक विकास समितिको बैठक समितिका संयोजक श्री प्रकाश थापाको अध्यक्षतामा, तथा संस्थागत विकास र सुशासन समितिको बैठक समितिका संयोजक श्री पवित्रा थापा रानाको अध्यक्षतामा बस्यो । बैठकले गरेका निर्णयहरु तथा बैठक सम्बन्धी जानकारी निम्नानुसार प्रस्तुत गरिएको छ ।

(१) सामाजिक विकास समिति :

सामाजिक विकास समितिका संयोजक एवम् वडाध्यक्ष श्री मदन बहादुर रानाको अध्यक्षतामा मिति २०८० जेष्ठ २८ गतेका दिन सामाजिक विकास समितिको बैठक बस्यो । उक्त समितिको बैठकले शिक्षा क्षेत्रमा प्रणालीगत सुधार तथा प्रविधिमैत्री शिक्षण सिकाईको लागि मेयर शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्ने, सामुदायिक विद्यालय सुधारको लागि योजना तथा कार्यक्रम तय गर्ने, विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाउने, स्थानीय पाठ्यक्रम वमोजिम सन्दर्भ सामाग्री तयार गर्ने जस्ता नीति तथा कार्यक्रमलाई प्राथमिकतामा राखेको थियो । यसै गरी स्वास्थ्यतर्फ गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच बढाउने, स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने, जेष्ठ नागरिकहरुलाई निःशुल्क घरदैलो स्वाथ्य परीक्षण गराउने, विपन्न नागरिकहरुलाई उपचार सहयोग राहत प्रदान गर्ने, आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने, दिगो विकास लक्ष्यका स्वास्थ्य सम्बन्धी सूचकहरुलाई प्राप्त हुने गरी कार्यक्रम सञ्चालन गर्ने जस्ता नीति तथा कार्यक्रममा जोड दिने निर्णय गरेको थियो । यसै गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणतर्फ ग वर्गको अपांगता परिचय पत्र लिएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने, अपांगता परिचय पत्र वितरण कार्यलाई निरन्तता दिने, अपांगता भएका व्यक्तिहरुको आवाज र जिविकोपार्जन सशक्तिकरण कार्यक्रम गर्ने, नगरस्तरीय तथा वडास्तरीय महिला सञ्जाल गठन गर्ने, लैंगिक हिंसा न्यूनीकरण हुने खालका कार्यक्रम सञ्चालन गर्ने, सफल उद्यमी महिलाहरुलाई सम्मान गर्ने, महिलाहरुको सामाजिक र आर्थिक सशक्तिकरण हुने खालका कार्यक्रम सञ्चालन गर्ने, बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने, बाल संरक्षण प्रणालीलाई व्यवस्थित बनाउने, जेष्ठ नागरिक हेरचाहकर्तालाई सम्मान गर्ने, जेष्ठ नागरिक दिवा सेवा केन्द्रहरुलाई सञ्चालन सहयोग प्रदान गर्ने, विपन्न नागरिकहरुलाई परिचय पत्र उपलब्ध गराई निःशुल्क स्वास्थ्य विमा गराउने जस्ता नीति तथा कार्यक्रम छनौट गरेको थियो । यसै गरी एक घर एक धारा कार्यक्रमलाई प्रभावकारी बनाउने, खेलकुँद प्रतियोगिताहरु सञ्चालन गर्ने, वास योजना कार्यान्वयनमा ल्याउने, कला साहित्य र संस्कृतिको प्रवर्द्धन गर्ने जस्ता नीति कार्यक्रम छनौट गरेको थियो ।

(२) आर्थिक विकास समिति :

२०८० जेष्ठ २९ गतेका दिन आर्थिक विकास समितिको बैठक समितिका संयोजक एवम् वडा अध्यक्ष श्री प्रकाश थापाको अध्यक्षतामा बस्यो । आगामी आव २०८०/०८१ को आर्थिक विकाससंग सम्बन्धित क्षेत्रको नीति तथा कार्यक्रम तय गर्नु यस समितिको मूख्य जिम्मेवारी थियो । यसै सन्दर्भमा यस समितिको बैठकले विभिन्न नीति, योजना तथा कार्यक्रम तय गरेको थियो । यस समितिले तय गरेका नीति तथा कार्यक्रमहरुमा कृषि तथा पशुसेवातर्फ उचित मोडालिटी तयार गरी खरिद गरिएको कृषि एम्बुलेन्स सञ्चालनमा ल्याउने, गोरुपालक कृषकहरुलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने, हालसम्म वितरण गरिएका हाते ट्याक्टरहरुको लागि मर्मत सम्भार तालिम उपलब्ध गराउने, वडा तथा पकेट क्षेत्र तोकी तरकारी र मौरीपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने, मेवा, अम्बा लगायतका फलफूल खेती प्रवर्द्धन कार्यक्रम गर्ने, कृषि एप निर्माण गर्ने, कृषि उपज संकलन केन्द्र सञ्चालनमा ल्याउने, प्राङ्गारिक मल उत्पादन कार्यक्रम गर्ने, सेवा टेवा कार्यक्रम मार्फत कृषि प्रवर्द्धनका कार्यहरु गर्ने, दूध उत्पादनमा अनुदानलाई पाइलटिङ रुपमा शुरु गर्ने, पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने, कृषक क्षमता अभिबृद्धि

कार्यक्रम सञ्चालन गर्ने, कृषकहरुलाई प्राविधिक सहयोग उपलब्ध गराउने, मासुमा आत्मनिर्भर कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने, सिंचाई विकासमा जोड दिने लगायतका कार्यक्रमहरु समावेश गरिएको छ । यसै गरी लघु उद्यम सीप विकास तथा युवा सीप विकास, विपन्न महिला सीप विकास (महिलासंग उपमेयर) लगायतका कार्यक्रम सञ्चालनमा ल्याउने, विगतमा बेसिक तालिम लिएकाहरुलाई एडभान्स तालिम उपलब्ध गराउने, सहकारीहरुलाई आधारशिला लगायतका तालिम उपलब्ध गराउने, सहकारीहरुको अनुगमनलाई व्यवस्थित बनाउने, कोशेली घर सञ्चालन गर्ने, कृषि सहकारीहरुलाई प्रवर्द्धन गर्ने, बजार अनुगमनलाई अझ प्रभावकारी बनाउने लगायतका नीति तथा कार्यक्रम तय गरिएको थियो ।

(३) पूर्वाधार विकास समिति :

२०८० जेष्ठ ३० गतेका दिन पूर्वाधार विकास समितिका संयोजक एवम् कार्यपालिका सदस्य श्री हिरालाल विश्वकर्माको अध्यक्षतामा पूर्वाधार विकास समितिको बैठक सम्पन्न भयो । यस बैठकले आगामी आ.व. २०८०।०८१ को बार्षिक योजना तर्जुमा गर्ने सिलसिलामा पूर्वाधार विकास क्षेत्रसंग सम्वन्धित विषयहरुमा केन्द्रित भई आवश्यक छलफल तथा निर्णय गरेको थियो । योजना तर्जुमाको सन्दर्भमा मात्र नभएर कार्यान्वयनको चरणमा पनि समितिको बैठक बस्ने, पूर्वाधारजन्य योजनाहरु छनौट गर्दा पूर्वाधार विकास समितिको भूमिका उल्लेख्य हुनुपर्ने, क्षतिग्रस्त पक्की तथा अन्य सडकहरुको मर्मत सम्भारमा उचित मोडालिटी तयार गर्ने, सडक बत्तिको व्यवस्थापन मिलाउने, निर्मित संरचनाहरुको सञ्चालन र मर्मत सम्भारको लागि उचित संयन्त्र बनाउनु पर्ने, निर्माणस्थलमा आयोजना सम्बन्धी सूचना पाटी अनिवार्य राख्नको लागि लाग्ने खर्च लागत इष्टिमेटमा नै समावेश गर्ने, विकासनिर्माण कार्यमा टोल विकास संस्थाहरुलाई परिचालन गर्ने, नगरपालिकाको आफ्नै प्रशासकीय भवन निर्माणमा ध्यान दिने, वडा कार्यालयहरु निर्माणमा पनि आवश्यक पहल गर्ने, योजना तथा कार्यक्रमको अनुगमन तथा फरफारक प्रणालीलाई थप प्रभावकारी बनाउन उचित मोडालिटी तयार गर्ने, सार्वजनिक तथा सामुदायिक भवनहरुको अवस्थाको बारेमा तथ्यांक संकलन गरी अभिलेखीकरण गर्ने, सडकहरुको प्राथमिकीकरण गर्ने जस्ता नीति तथा कार्यक्रमहरु अगाडि सारेको थियो ।

(४) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति :

२०८० जेष्ठ ३१ गतेका दिन वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक समितिका संयोजक एवम् वडाध्यक्ष श्री ऋषिराम बस्नेतको अध्यक्षतामा बस्यो । मनसुनजन्य /जलजन्य प्रकोपको कारण बर्षाको समयमा पहिरोको प्रकोप बढी देखिएको हुँदा तयारी अवस्थामा रहने, पहिरो र बाढीको कारण अवरुद्ध हुन जाने महत्वपूर्ण सडकहरुलाई तुरुन्त खुलाउने व्यवस्था मिलाउने, विपदमा आवश्यक पर्ने औजार, सामाग्री तथा उपकरण खरिद गर्ने, विपद्मा युवा परिचालनको लागि कार्यक्रम सञ्चालन गर्ने, नाली खन्ने बकिट खरिद गर्ने, विश्वव्यापी रुपमा बढ्दै गएको उष्णताको सम्बन्धमा तथा जलवायु परिवर्तनको असर न्यूनीकरणको लागि कार्यक्रम सञ्चालन गर्ने, सेनेटरी ल्याण्डफिल्ड साइटको लागि जग्गाको खोजी गर्ने, विपदमा प्रदान गरिने राहतको लागि मापदण्ड पुनरावलोकन गर्ने, चट्याङबाट भएको क्षतिलाई कम गर्न अर्थिङ कार्य गर्ने, सार्वजनिक शौचालयहरुको सरसफाइलाई अझ व्यवस्थित

गर्ने, विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गर्ने, बेसीशहर बजार क्षेत्रको फोहरमैला व्यवस्थापनमा उचित ध्यान दिने पूर्वाधारजन्य विकास निर्माणका कार्य गर्दा पर्न सक्ने वातवरणीय क्षतिलाई न्यूनीकरण हुने गरी विकासका कार्यहरु गर्ने, भूक्षय नियन्त्रण, जलजन्य प्रकोप नियन्त्रणको लागि आवश्यक तारजाली खरीद गर्नको लागि बजेट विनियोजन गर्ने, शहरी सौन्दर्य बढाउने तथा स्वच्छ, सफा र हरियालीयुक्त बेसीशहर नगरपालिका निर्माणमा जोड दिने गरी कार्यक्रम तर्जुमा गर्ने जस्ता नीति तथा कार्यक्रमगत निर्णय गरेको थियो । यसको लागि वन,वातावरण तथा जैविक विविधता संरक्षण, जलवायु अनुकुलन कार्यक्रम, जलउत्पन्न प्रकोप नियन्त्रण, भू तथा जलाधार संरक्षण विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन कोष परिचालन, ल्याण्डफिल्ड साइट स्तरोन्नति तथा पहुँच मार्ग सुधार गर्ने जस्ता निर्णय गरेको थियो ।

(५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन समिति :

२०८० जेष्ठ ३२ गतेका दिन संस्थागत विकास, सेवा प्रवाह र सुशासन समितिको बैठक समितिका संयोजक एवम् वडाध्यक्ष श्री पवित्रा थापा रानाको अध्यक्षतामा बस्यो । यस बैठकले समितिसंग सम्वन्धित विभिन्न विषयहरुलाई नीतिगत रुपमा समेट्ने निर्णय गरेको थियो । नगरपालिकाको क्षमता विकास योजना तयार गर्ने, नगरपालिकाको आफ्नै प्रशासकीय भवन निर्माणको प्रक्रिया शुरु गर्ने, वार्षिक खरिद योजना तयार गर्ने, सवै कर्मचारीहरुलाई कार्यविवरण उपलब्ध गराउने, सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने, **ICT Roadmap Development Plan** बनाइ कार्यान्वयनमा लैजाने, अनुगमन पद्धतिलाई व्यवस्थित बनाउने, सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने, सार्वजनिक सुनुवाई लगायतका सामाजिक जवाफदेहिता सम्बन्धी कार्यहरु गर्ने, सामुदायिक विद्यालय र वडा कार्यालयहरुमा इ हाजिरी जडान गर्ने, आन्तरिक आय सुदृढीकरण सम्बन्धी आवश्यक कार्यहरु गर्ने, सम्मान र पुरस्कारको व्यवस्था मिलाउने, क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने, कर्मचारी र जनप्रतिनिधिहरु विच समन्वय तथा समीक्षा बैठकहरु नियमितरुपमा सञ्चालन गर्ने जस्ता नीति तथा कार्यक्रम निर्धारण गरेको थियो ।

छ. बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक

२०८० असार ४ गतेका दिन बेसीशहर नगरपालिका अन्तर्गतको बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक समितिका संयोजक एवम् नगर उपप्रमुख श्री पद्मा गुरुङको अध्यक्षतामा बस्यो । यस समितिको बैठकमा बेसीशहर नगरपालिकाको आव २०८०।०८१ को नगरस्तरीय योजना तथा कार्यक्रमको सम्बन्धमा छलफल भयो । यस बैठकले विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रमलाई व्यवस्थित बनाउने कार्यक्रम तथा बजेट तर्जुमा गर्ने कार्य गरेको थियो । समितिले आर्थिक विकासतर्फ कृषि, पशु, सिंचाई, पर्यटन, लघु उद्यम तथा सीप विकास, उद्योग वाणिज्य सहकारी क्षेत्रका नीति, कार्यक्रम तथा बजेट तय गरेको थियो । यसै गरी सामाजिक विकासतर्फ शिक्षा, स्वास्थ्य, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, खानेपानी तथा सरसफाई, कला संस्कृति र साहित्य क्षेत्रका नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरेको थियो । यसै गरी भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत सडक, शहरी विकास तथा भवन, विद्युत, सञ्चार क्षेत्रसंग सम्वन्धित विषयको नीति, कार्यक्रम तथा बजेटको सम्बन्धमा छलफल भई निर्णय भएको थियो । यसै गरी वन, वातावरण तथा विपद् व्यस्थापन र संस्थागत विकास र सुशासन समितितर्फका नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने कार्य भएको थियो ।

ज. नगरकार्यपालिका बैठक (नगरसभाको तेह्रौं अधिवेशन तयारी बैठक)

२०८० असार ७ गतेका दिन बेसीशहर नगरकार्यपालिकाको बैठक बस्यो । नगरप्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको उक्त बैठक विशेष गरी तेह्रौं नगरसभा समक्ष पेश गर्ने नीति, कार्यक्रम तथा बजेट जस्ता विषयहरुमा केन्द्रित रहेको थियो । यस बैठकको मुख्य एजेण्डा २०८० असार १० गते हुने नगरसभाको तेह्रौं अधिवेशनमा पेश गरिने बेसीशहर नगरपालिकाको आव २०८०/८१ को नीति, कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिने, आर्थिक विधेयक २०८०, विनियोजन विधेयक २०८० माथि छलफल एवम् स्वीकृत गरी नगरसभा समक्ष पेश गर्ने, तेह्रौं नगरसभामा गत आव २०७८/०७९ को यथार्थ आय व्यय, चालु आव २०७९।०८० को संशोधित आय व्यय तथा आगामी आव २०८०।०८१ को अनुमानित आय व्यय स्वीकृत गरी नगरसभामा पेश गर्ने रहेको थियो । सोही मुताविक कार्यपालिका बैठकले नीति, कार्यक्रम तथा बजेट स्वीकृत गरी नगरसभाको तेह्रौं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरेको थियो ।

झ. नगरसभाको तेह्रौं अधिवेशन (प्रथम बैठक/नीति, कार्यक्रम तथा बजेट पेश)

२०८० असार १० गतेका दिन बेसीशहर नगरपालिकाको तेह्रौं नगरसभा जिल्ला समन्वय समितिको सभाहलमा शुभारम्भ भएको थियो । उक्त नगरसभा बैठकमा बेसीशहर नगरपालिकाका उपप्रमुख श्री पद्मा गुरुङ ले आगामी आ.व. २०८०/०८१ को बार्षिक नीति, कार्यक्रम तथा बजेट नगरसभासमक्ष प्रस्तुत गर्नु भएको थियो । साथै सोही बैठकमा आ.व. २०७८/०७९ को यथार्थ आय व्यय, चालु आव २०७९/०८० को संशोधित आय व्यय तथा आव २०८०/०८१ को प्रस्तावित आय व्यय अनुमान पेश गरिएको थियो । यसै गरी आर्थिक विधेयक २०८० तथा विनियोजन विधेयक २०८०, सशर्त, समपुरक र विशेष अनुदानतर्फका कार्यक्रम समेत नगरसभा समक्ष पेश गरिएको थियो । उक्त अधिवेशनमा नगरसभासद्हरुलाई खुल्ला रुपमा सुझाव, जिज्ञासा र विचार राख्ने समय प्रदान गरिएको थियो र सभासद्हरुबाट सुझाव, जिज्ञासा तथा विचार राख्ने कार्य भएको थियो । साथसाथै विषयगत समितिका संयोजकहरुले रोष्टमबाटै आफ्ना भनाइहरु राख्नु भएको थियो । अन्तमा अधिवेशन बैठकको अध्यक्षता गरिरहनु भएका नगरप्रमुखले सबै सभासद्हरुबाट व्यक्त विचार र सुझावहरुलाई सम्बोधन हुने गरी मन्तव्य राख्नु भएको थियो ।

ञ. नगर कार्यपालिका बैठक

नगरसभाको तेह्रौं अधिवेशनलाई केन्द्रित गरी २०८० असार २३ गतेका दिन बेसीशहर नगर कार्यपालिकाको बैठक बस्यो । यस बैठकले २०८० असार २५ गते बस्ने नगरसभा अधिवेशन बैठकमा प्रस्तुत गर्ने योजनाहरुको सम्बन्धमा आवश्यक निर्णय गरेको थियो । यस बैठकले आव २०८०।०८१ मा कार्यान्वयन गरिने नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रमहरुलाई अन्तिम रुप दिई असार २५ गतेको नगरसभा अधिवेशनमा पेश गर्ने निर्णय गरेको थियो । त्यसै गरी नीति,कार्यक्रम तथा बजेटको सम्बन्धमा नगरसभा बैठकमा प्राप्त सुझावहरु समावेश गरिएको नीति, कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिई नगरसभामा निर्णयार्थ प्रस्तुत गर्ने निर्णय गरेको थियो । आर्थिक र विनियोजन विधेयक २०८० लाई पनि अन्तिमरुप दिई नगरसभा बैठकमा निर्णयार्थ प्रस्तुत गर्ने निर्णय गरेको थियो ।

ट. नगरसभाको तेह्रौं अधिवेशनको दोश्रो बैठक (नीति, कार्यक्रम तथा बजेट स्वीकृत)

बेसीशहर नगरपालिकाको तेह्रौं नगरसभाको दोश्रो बैठक मिति २०८० असार २५ गते नगरप्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा सञ्चालन भई सोही दिन नगरसभाको तेह्रौं अधिवेशन सम्पन्न भएको थियो । नगरसभा समक्ष उपप्रमुख श्री पद्मा गुरुङले आ.व. २०८०/०८१ मा सञ्चालन गरिने नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रमहरु प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी बजेटको संशोधित विवरण समेत प्रस्तुत गर्नु भएको थियो । साथै संशोधित विनियोजन विधेयक २०८० समेत प्रस्तुत गरिएको थियो । उक्त नगरसभा बैठकले आव २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट स्वीकृत गरेको थियो । साथै उक्त नगरसभा बैठकले विनियोजन विधेयक २०८०, आर्थिक विधेयक २०८० स्वीकृत गरेको थियो । बेसीशहर नगरपालिकाको गत आव २०७८।०७९ को यथार्थ आय व्यय, चालु आव २०७९।०८० को संशोधित आय व्यय र आगामी आव २०८०।०८१ को अनुमानित आयव्यय स्वीकृत गरेको थियो । यसका साथै बेसीशहर नगरपालिकाको आव २०८०।०८१ को बार्षिक नगर तथा वडास्तरीय योजना तथा कार्यक्रमहरुलाई छलफल सहित स्वीकृत गरेको थियो । बेसीशहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले आएका सुझाव तथा जिज्ञासाहरुलाई सम्बोधन गर्नु भएको थियो । नगरसभाको तेह्रौं अधिवेशनले गरेका निर्णयहरु यसै योजना पुस्तकमा समावेश गरिएको छ ।

३. आ.व. २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य

यस गरिमामय नगरसभा अधिवेशनका
सभाध्यक्ष एवम् नगरप्रमुखज्यू
सम्पूर्ण नगरसभा सदस्यज्यूहरु

१. यस गरिमामय नगरसभाको तेह्रौं अधिवेशन समक्ष नगर उप्रमुखको हैसियतले बेसीशहर नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को बार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । यस सुखद अवसरमा राष्ट्रमा लोकतन्त्र प्राप्ति, गणतन्त्र स्थापना र मानव अधिकारको लागि समय समयमा भएका राजनीतिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

२. आवधिक निर्वाचनको माध्यमबाट हामीहरु स्थानीय तहमा निर्वाचित भएर आएको एक बर्ष पुरा भई सकेको छ । यस विचमा संघ र प्रदेशको समेत निर्वाचन सम्पन्न भई संघ र प्रदेशमा नयाँ सरकारहरु गठन भएका छन् । तीनै तहका सरकारहरु विचको सह अस्तित्व, समन्वय र सहकार्यको यात्रा अझ सुदृढ भई जनताको विकास प्रतिको उत्कट चाहना क्रमशः पुरा हुँदै जाने विश्वास लिएको छु ।

३. "हामी सवैको रहर-सभ्य र समृद्ध बेसीशहर" भन्ने दीघकालीन सोचलाई साकार रुप दिन सहयोग पुग्ने गरी नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने प्रयास गरिएको छ । मुलुकमा देखा परेको आर्थिक समस्याको कारण बजेटमा आएको संकुचनले गर्दा हामी सवैलाई त्यसले प्रभावित पारेको छ । यो समस्या विस्तारै समाधानतर्फ उन्मुख हुने विश्वास लिएका छौं ।

४. नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा राष्ट्रिय योजना आयोगले तयार गरेको "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८" मा भएको व्यवस्थालाई अधिकतम् पालना गर्ने प्रयास गरिएको छ । चालु आ.व.को नीति तथा कार्यक्रमको समीक्षा, पूर्व बजेट छलफल, राजश्व परामर्श समितिको बैठक, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक, नागरिक समुदायबाट सुझाव संकलन, बस्तीस्तरीय भेला, वडास्तरीय गोष्ठी, विषयगत समितिका बैठकहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति र नगर कार्यपालिका बैठक हुँदै हामी आजको यो नीति, कार्यक्रम तथा बजेट प्रस्तुत हुने दिनसम्म आइपुगेको व्यहोरा सम्पूर्ण नगरसभासद्ज्यूहमा सगौरव स्मरण गर्न चाहन्छु ।

५. प्रस्तुत नीति, कार्यक्रम तथा बजेटलाई प्रभावकारी सेवा प्रवाह, सामाजिक न्याय, उत्पादनमूलक, रोजगारमुलक तथा आधारभूत पूर्वाधारमा सहज बनाउने विषयमा केन्द्रित गरिएको छ ।

नगर सभासदस्यज्यूहरु,

६. संविधानको धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा धारा २३० को गाउँपालिका र नगरपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहको दोश्रो निर्वाचनबाट गठन भएको यस स्थानीय सरकारले दोश्रो पटक नीति, कार्यक्रम तथा बजेट ल्याएको अवस्थामा कार्यकालको पहिलो वर्षमा भएका मुख्य मुख्य उपलब्धीहरुलाई पनि यस नगरसभा समक्ष सक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. नगर कार्यपालिका तथा वडा समितिका बैठकहरु नियमित रुपमा सञ्चालन भई नगरबासीहरुको हितमा विभिन्न निर्णयहरु भएका छन् र निर्णयहरु कार्यान्वयनमा गै रहेका छन् ।
२. रातो किताबमा समेटिएका कतिपय योजनाहरु सम्पन्न भएका छन् भने केही योजनाहरु अझै पनि कार्यान्वयन भै रहेका छन् ।
३. नगरपालिकाको संस्थागत क्षमता स्वमूल्यांकन कार्य गरिएको छ जसमा ७५.२५% अंक प्राप्त भएको छ । साथै वित्तिय सुशासन जोखीम मूल्यांकन समेत गरिएको छ ।
४. आन्तरिक राजश्व र कर प्रशासन सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन भई आन्तरिक आयलाई चुहावट हुन नदिई लक्ष्य वमोजिम संकलन गर्न सफल हुने अवस्थामा छौं ।
५. लैंगिक समानता तथा सामाजिक समावेशीकरणतर्फका विभिन्न कार्यक्रम तथा दिवसहरु सम्पन्न भएका छन् ।
६. नागरिकहरुलाई आवश्यक पर्ने जस्तापाता, सिंचाई तथा खानेपानी पाइपहरु वितरण गरिएका छन् । विपन्न नागरिकहरुलाई राहत तथा उपचार सहयोग गर्ने कार्य भइरहेको छ ।
७. सामाजिक सुरक्षा भत्ता सम्बन्धी सवै कार्य गरिदै आइएको छ ।
८. ग वर्गको अपांगता भएका व्यक्तिहरु र ६० वर्ष माथिका एकल पुरुषहरुको सामाजिक सुरक्षा भत्ता यसै आ.व बाट वितरण गर्न थालिएके छ ।
९. न्यायिक समितिले सक्रियतापूर्वक कार्यसम्पादन गरिरहेको छ । मेलमिलाकर्ताहरुलाई पुनर्ताजगी तालिम प्रदान गरिएको छ ।
१०. नगरपालिकाले राख्न सक्ने आवश्यक जनशक्ति राख्ने कार्य भएको छ ।
११. कृषि र पशु सेवातर्फका विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन् ।
१२. लघु उद्यम विकास कार्यक्रममार्फत नयाँ उद्यमीहरु सृजना गरिएको छ । युवा सीपमूलक तालिमहरु सम्पन्न भएका छन् ।
१३. स्वास्थ्यतर्फका कार्यक्रमहरु सम्पन्न भै रहेका छन् । स्वास्थ्य शिविर, मानसिक विरामीहरुको शिविर तथा अन्य कार्यक्रमहरु सञ्चालन भएका छन् ।
१४. शिक्षा क्षेत्रमा राखिएका कार्यक्रमहरु, खेलकुँद क्षेत्रका कार्यक्रमहरु सम्पन्न गरिएका छन् ।
१५. पर्यटन मन्त्रालयसंगको लागत साझेदारीमा पुरानोकोट गढीमा शान्ति स्तुपा निर्माण भएको छ । तर मन्त्रालयाबाट प्राप्त गर्नु पर्ने १ करोड ६५ लाख रकम प्राप्त गर्न सकिएको छैन ।
१६. केही सडकहरुको स्तरोन्नति कार्य गरिएको छ भने सडकहरुको मर्मत सम्भार कार्य पनि गरिदै आइएको छ । सडक बोर्ड तर्फका योजनाहरु सम्पन्न हुने अवस्थामा छन् । केही योजनाहरुको डिपिआर सम्पन्न गरिएको छ ।
१७. नगरपालिकाले चालु आ.वमा हासिल गर्ने प्रगति विवरण समेटी आगामी आ.व.को श्रावण महिना भित्र समीक्षा गरी पुस्तकको रुपमा यहाँहरु सवै समक्ष ल्याइनेछ ।

सभाध्यक्ष महोदय ,

अव म बेसीशहर नगरपालिकाको आगामी आर्थिक बर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति माग्दछु ।

७. आ.व. २०८०।०८१ को बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, नेपाल सरकारको पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), दिगो विकास लक्ष्य (सन् २०१६-२०३०), गण्डकी प्रदेश सरकारको प्रथम पञ्चबर्षिय योजना (२०७६/७७-२०८०/८१), संघीय र प्रदेश सरकारको आ.व. २०८०।०८१ को बार्षिक नीति, कार्यक्रम तथा बजेट, नगरपालिकाको पाँच बर्षे आवधिक योजना (आ.व. २०७८।७९-२०८२।८३), नगरपालिकाको बजेटका सिद्धान्त र प्राथमिकता, तथा नगरबासीहरुबाट प्राप्त सुझावहरुलाई मार्गदर्शन तथा आधारको रुपमा लिएको छु ।

उपस्थित सम्पूर्ण नगरसभासदस्यज्यूहरु

अव म आगामी आव २०८०।०८१ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका समष्टिगत नीति निम्न वमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु ।

८. "हामी सवैको रहर-सभ्य र समृद्ध बेसीशहर"को नारालाई सार्थक बनाउन मद्धत पुग्ने खालका योजना तथा कार्यक्रममा प्राथमिकता दिइनेछ ।
९. नीति, कार्यक्रम तथा बजेट निर्माणको सिलसिलामा सडक यातायात क्षेत्र, कृषि/पशु विकास क्षेत्र, स्वास्थ्य क्षेत्र, पर्यटन क्षेत्र, शिक्षा, सीप विकास र स्वरोजगार तथा सामाजिक न्याय र सामावेशीकरणतर्फ मुख्य प्राथमिकतामा राखिएको छ । यी सवै क्षेत्र तथा स्थानीय शासनको क्षेत्रमा प्रभावकारी सेवा प्रवाह, जवाफदेहिता र पारदर्शितामा जोड दिइएको छ ।
१०. नगरपालिकाले संघ, प्रदेश तथा स्थानीय उपभोक्ताहरुसंगको सह लगानीमा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई बिजेट विनियोजन गर्ने नीतिलाई निरन्तता दिइनेछ ।
११. नगरबासीहरुले नगरपालिका, वडा कार्यालयहरु र अन्तर्गतका निकायहरुबाट छिटो छरितो र सर्वसुलभ रुपमा प्रभावकारी सेवा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।
१२. कृषि क्षेत्रको व्यवसायीकरण, कृषकहरुलाई प्राविधिक सेवा, सीप विकास र प्रविधि हस्तान्तरणमार्फत स्वरोजगार सिर्जना गराउने, उद्यमशिलता विकास तथा जीविकोपार्जन सहयोगमा प्राथमिकता दिइनेछ ।
१३. सम्बेदनशील रुपमा रहेका आधारभूत स्वास्थ्य सेवालाई प्रभाकारी बनाउने, शिक्षा क्षेत्रलाई थप व्यवस्थित र गुणस्तरीय बनाउने तथा सामाजिक समावेशीकरणका सवालमा प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।
१४. नगरबासीको जीवनमा गुणात्मक सुधारको दीर्घकालीन सोच अनुरुप नगरबासीहरुले विकासको सन्तुलित र न्यायोचित लाभ पाउने गरी उपलब्ध श्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था मिलाइनेछ ।
१५. संघीय र प्रदेश सरकारबाट राखिएका योजना तथा कार्यक्रमहरु र नगरपालिकाको योजना तथा कार्यक्रमहरु विच दोहोरोपना हुन नदिई आपसमा परिपुरक तथा तादम्यता हुने गरी कार्यान्वयन गर्नको लागि नगरपालिकाको तर्फबाट प्रभावकारी समन्वयको प्रयास गरिनेछ ।
१६. अधुरा रहेका योजना तथा कार्यक्रमहरु सम्पन्न गर्नेतर्फ ध्यान पुऱ्याइनेछ । नतिजामा आधारित योजना तथा कार्यक्रम अनुगमन प्रणालीको विकास गरिनेछ । उपभोक्ता समिति लगायत योजना कार्यान्वयनकर्ता निकायहरुमा सुशासन र पारदशिता कायम राख्न जोड दिइनेछ ।

१७. विगतका नगरसभा तथा कार्यपालिकाबाट निर्णय भएका दीर्घकालीन महत्व राख्ने नगरपालिकाको क्षमताले मात्र सञ्चालन गर्न नसक्ने योजनाहरुको कार्यान्वयनको लागि संघ तथा प्रदेश सरकार र नीजिक्षेत्रसंग आवश्यक पहल गरिनेछ ।

१८. प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्बाट प्रभावित व्यक्ति, परिवार तथा समुदायलाई राहतमूलक तथा पुनर्स्थापना र उत्थानशीलतामा जोड दिइनेछ ।

नगरसभा सदस्यज्यूहरु

अव म नगरपालिकाले आगामी आव २०८०।०८१ को लागि लिएको क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

(क) आर्थिक विकास

कृषि

१९. कृषि क्षेत्रको आधुनिकिकरण तथा वैज्ञानिकिकरणका लागि कृषिमा यन्त्रिकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै कृषि सामाग्रीहरु खरीद गरी अनुदानमा वितरण गरिनेछ । कतिपय प्रविधिहरु समुहमा वितरण गरिनेछ ।

२०. विगतमा वितरण गरिएका कृषि यन्त्रहरुको उपयोगको अवस्था र यसले पारेको प्रभावबारे तथ्यांक संकलन तथा विश्लेषण गरिनेछ।

२१. तरकारी बालीको प्रबर्द्धनका लागि प्लास्टिक घर निर्माण, तरकारीको बिउ बीजन अनुदानमा वितरण बेमौसमी तरकारी बालिको प्रबिधि सम्बन्धि किसानहरुलाई तालिम दिइनेछ तथा आवश्यक प्राविधिक सहयोग पुर्याइनेछ । तरकारीको विरुवाको लागि नर्सरी स्थापना गरी किसानलाइ बेर्ना उपलब्ध गराउने गर्ने कार्यलाइ समेत प्राथमिकतामा राखिनेछ । तरकारी खेतीको लागि बजारीकरणमा पनि लगानी गर्ने नीति लिइनेछ ।

२२. संभावनाको क्षेत्र र कृषकहरुको सक्रियता हेरेर आलुको मिनि पकेट स्थापना गरिनेछ। बजार क्षेत्रमा कौसी र करेसाबारी तरकारी खेतीमा सहयोग गरिनेछ।

२३. खाद्यान्न बालीमा आत्मनिर्भर बनाउने उद्देश्यले नगरपालिका भित्रका सम्पूर्ण किसानहरुलाई समयमा नै गुणस्तरीय जातको बिउ उपलब्ध गराइनेछ । साथै बालीमा देखिने सबै किसिमको समस्याको निराकरणको लागि आवश्यक प्राविधिक सहयोग गरिनेछ ।

२४. आगामी आ व मा गोरु पाल्ने कृषकहरुलाइ प्रति हलगोरु रु १० हजार का दरले प्रोत्साहन रकम क्रमश उपलब्ध गराइनेछ ।

२५. रैथानेबालीमा गर्व गरौं भन्ने नाराका साथ परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने बालीको बिउ संरक्षण गरी खेती विस्तारमा जोड दिइनेछ। साथै होमस्टे विषेश रैथाने बाली र परिकारको प्रवर्द्धन गरिनेछ। "विद्यालयको दिवा खाजामा रैथाने परिकार" तर्फ जोड दिइनेछ ।

२६. फलफूलतर्फ मेवा (हाइब्रिड) र अम्बा खेतीको प्रवर्द्धन गरिनेछ । फलफूलको नर्सरी स्थापनामा सहयोग गरिनेछ । नगरपालिका भित्र रहेका सम्पूर्ण फलफूल बगैंचा ब्यबस्थापन तथा सुन्तला खेती नमूना गाउँको बिस्तार गरिनेछ । हिउँदे र बर्षे फलफुलका बोटबिरुवाहरु बितरण गरिनेछ ।

२७. प्राङगारिक मल उत्पादन तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

२८. मौरीपालक कृषकहरुलाई मह प्रशोधन औजार, मौरीपालन सहायक सामाग्रीहरु, गोला सहित वा खाली घार अनुदानमा वितरण गरिनेछ ।व्यवसायिक र मौरीपालन इच्छुक कृषकहरुलाई तालिम दिइनेछ।किसानहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले मौरी चरणको संभावना बोकेको ठाउंमा मौरी पकेटको स्थापना गरिनेछ ।

२९. बेसीशहर नगरपालिकाको अधिकांस क्षेत्रमा च्याउ खेतीको लागि वर्ष भरी नै उपयुक्त वातावरण रहने हुनाले इच्छुक कृषकलाई च्याउ खेती सम्बन्धि तालिम तथा बिउ उपलब्ध गराइ च्याउ खेतीमा प्रोत्साहन गरिनेछ । व्यवसायिक च्याउ खेती गर्ने कृषकहरुलाई च्याउ घर निर्माण र खेतीमा सहयोग गरिनेछ।

३०. सम्पूर्ण खाद्य ,तरकारी ,फलफूल तथा अन्य बोटविरुवाहरुलाई संरक्षण गर्न विषादी , भिटामिन तथा अन्य बाली संरक्षक खरीद गरी सम्पूर्ण पालिकाबासी किसानलाई वितरण गरिनेछ ।

३१. खाद्यान्न, तरकारी तथा फलफूलमा आत्मनिर्भरता ल्याउने हेतुले पालिका भित्र रहेको सबै वडाको माटो परीक्षण गरिनेछ, जस्मा NPK, Micro nutrient जांच गर्नको लागि आवश्यक उपकरण खरीद र तालिम लिई माटो जांच गरिनेछ।

३२. विभिन्न बालीमा देखिने सबै किसिमको समस्या निराकरण गर्न, स्वस्थ बालीको विकास गरि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने उदेश्यले बाली उपचार सिविर संचालन गरिनेछ ।

३३. कृषिमा आएका नयाँ प्रबिधि र सूचना किसान समक्ष पुऱ्याउन कृषि एप निर्माण गरी नगरपालिकाको प्रत्येक कृषकहरुलाई त्यसमा आवद्ध गरिनेछ। कृषिको तथ्याङकलाई सुदृढिकरण, व्यवस्थित र तथ्यपरक बनाइनेछ।

३४. कृषि उपजहरुको ढुवानी, बजारीकरण र व्यवस्थापन गर्न र कृषकहरुलाई तत्कालै प्राविधिक सहायता पुर्याउनका लागि कृषि विज्ञहरु सहितको कृषि एम्बुलेन्स संचालनमा ल्याइनेछ ।

३५. कृषियोग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न नगरपालिकाभित्र रहेका कुनैपनि जमिन बांझो नराख्ने कार्यलाई प्रोत्साहन गरिनेछ । एक बिद्यालय एक करेसाबारी निर्माण कार्यक्रम संचालन गरिनेछ ।

३६. वडास्तरीय कार्यक्रमबाट कृषि क्षेत्रमा विनियोजन हुने रकम आफ्नो मुख्य पकेट क्षेत्र के हो त्यसमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

पशु :

३७. पशु सेवातर्फ नियमित उपचार सेवा, कृत्रिम गर्भाधान सेवा, आकस्मिक सेवा, खोप कार्यहरु, पशु स्वास्थ्य शिविर र प्राविधिक सहयोगहरु बृहत रुपमा संचालन गरिनेछ।

३८. पशु बिमाका लागि कृषकहरुलाई प्रेरित गरी जोखिम न्युनीकरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

३९. बाख्रा र बंगुरको खोर तथा भैंसीको गोठनिर्माण तथा सुधारको लागि ५०% अनुदान रकम उपलब्ध गराईनेछ।

४०. पशुपालनको लागि घाँस विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४१. पशुसेवातर्फ नश्ल सुधार, दुध र मासुमा आत्मनिर्भर कार्यक्रम, बजारिकरण व्यवस्थापन, कुखुरा तथा मत्स्य विकास कार्यक्रम र चरन खर्क सुधार र युवा व्यवसाय शुरुवात जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।

४२. कृषकहरुको क्षमता अभिबृद्धिको लागि पशुपालन सम्वन्धी तालिमहरु वडास्तरमा संचालन गरिनेछ।
४३. बिगतका बर्षहरुका कार्यक्रमहरुको प्रभावकारिता मुल्याङ्कन गरिनेछ।
४४. उत्पादनमा आधारित अनुदानको सम्भावनाको बारेमा अध्ययन गरिनेछ।

सिंचाई

४५. कृषि उत्पादनसंग प्रत्यक्ष सम्वन्ध राख्ने सिंचाई प्रणालीको विकासमा जोड दिई कृषि उत्पादन बढाइनेछ । नगरपालिकाको कृषियोग्य भूमिमा सम्भाव्यताको आधारमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउन प्राथमिकता दिइनेछ । कृषि पकेट क्षेत्रहरुमा सिंचाई सुविधा पुऱ्याइनेछ ।
४६. गाउँबस्तीहरुमा खोला खोल्सीहरुबाट परम्परागत रुपमा सञ्चालन हुँदै आएका सिंचाई कुलोहरुको स्तरबृद्धि गरिनेछ । सिंचाई प्रणालीहरुको निर्माण, मर्मतसम्भार तथा स्तरोन्नति गर्दा श्रममूलक प्रविधिबाट गर्नको लागि प्राथमिकता दिइनेछ ।
४७. वाढी पहिरोको कारण कुलोहरु अवरुद्ध भई खनेर ल्याउन कठिन हुने स्थानमा सिंचाई पाइपको लागि उपभोक्तासंगको लागत साझेदारीमा सिंचाइ पाइपहरु उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
४८. मझौला तथा साना सिंचाई प्रणालीमा जोड दिदै प्राविधिक एवम् आर्थिक दृष्टिले उपयुक्त सिंचाई प्रविधिको उपयोगमा समेत जोड दिइनेछ । साथै भूमिगत सिञ्चाईको सम्भाव्यता अध्ययन कार्यको लागि समन्वय गरिनेछ ।

पर्यटन

४९. प्राकृतिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक एवम् धार्मिक हिसावले महत्वपूर्ण रहेका पर्यटकीय स्थलहरुको पूर्वाधार विकास र पर्यटकीय उपजहरुको प्रवर्द्धन गरिनेछ ।
५०. पुरानोकोटगढीमा निर्माण गरिएको शान्ति स्तुपा सहितको भ्यू टावर क्षेत्रमा अन्य आवश्यक स्तरोन्नति गरिनेछ । साथै त्यहाँ जाने पर्यटकहरुको सुविधाको लागि अन्य व्यवस्थापकीय कार्यहरु मिलाइनेछ ।
५१. होमस्टे गाउँहरुको प्रवर्द्धनमा टेवा पुग्ने खालका कार्यक्रमहरुमा जोड दिइनेछ । साथै दर्ता भएका होमस्टे गाउँहरुबाट प्रस्तावना माग गरी सवैभन्दा उत्कृष्ठ प्रस्तावना पेश गर्ने २ वटा गाउँहरुलाई रु १० लाखका दरले बजेट उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
५२. बेसीशहर बाँझाखेत चित्रेडाँडा हुँदै बराहपोखरी सम्मको सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
५३. गाउँशहरमा पुरातत्व विभागको लगानीामा हाल लमजुङ दरबार निर्माणाधिन रहेको अवस्थामा उक्त दरबार क्षेत्रलाई प्रवर्द्धन गर्नको लागि पुरातत्व विभागसंग समन्वय गरिनेछ । त्यसैसंग जोडिएको ऐतिहासिक रानीकुवालाई पनि प्रवर्द्धन गरिनेछ ।
५४. बेसीशहर ८ स्थित कर्पुरेश्वर पार्कको स्तरोन्नति, संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक कार्य गरिनेछ।
५५. बेसीशहर बजारमा कोशेली घर स्थापना गरी सञ्चालन गर्ने नीजि क्षेत्र वा सामुदायिक संघसंस्थालाई अनुदान सहयोग उपलब्ध गराइनेछ। यसको लागि उद्योग वाणिज्य संघसंग सहकार्य गरिनेछ ।
५६. बेसीशहर १० कल्मेडाँडा स्थित नीजि लगानीमा निर्माण भएको पिस हिल रिसोर्टसम्मको पहुँचमार्ग निर्माण कार्यमा सहयोग गरिनेछ ।
५७. पर्यटन प्रवर्द्धनको लागि काम गर्न इच्छुक संघसंस्था तथा सामुायिक संगठनहरुलाई प्रस्तावनाको आधारमा आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

लघु उद्यम, सीप विकास, श्रम तथा रोजगार

५८. विगतमा कटाई सिलाई र ब्युटिसियन सम्बन्धी आधारभूत सीप विकास तालिम प्राप्त गरी स्तरोन्नतिको लागि इच्छुक भएका योग्य र जागरुक युवाहरुलाई एडभान्स तालिम प्रदान गरिनेछ ।

५९. महिला तथा पुरुष युवाहरुलाई लक्षित गरी बजारमा माग रहेका मध्यम तथा लामो अवधीका सीपमूलक तालिम सञ्चालन गरिनेछ । सीपमूलक तालिम छनौट गर्दा रोजगारी तथा स्वरोजगार सृजना हुने तथा बैदेशिक रोजगारमा महत्व राख्ने खालका तालिमहरु छनौट गरी सञ्चालन गरिनेछ ।

६०. कोशेलीघरमा बिक्री हुने खालका उत्पादनलाई जोड दिने गरी तालिमहरु सञ्चालन गरिनेछ ।

६१. सशर्त अनुदान र नगरपालिकाको समेत बजेटबाट वडाहरु छनौट गरी गरिबीको रेखामुनि रहेका घर परिवारका महिला तथा पुरुषलाई लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमशिलता, सीप विकास तालिम र उपयुक्त प्रविधि हस्तान्तरण गरी नयाँ उद्यमी सिर्जना गरिनेछ ।

६२. प्रत्येक सीपमूलक तालिमको लागि उपयुक्त मापदण्ड तयार गरी सहभागी छनौट कार्य गरिनेछ ।

६३. सीप विकास प्याकेज कार्यक्रम (सीप, प्रविधि, पुँजी, उत्पादन, बजारीकरण) तथा अनलाइन व्यवसाय प्रवलीकरण कार्यक्रम प्रवर्द्धन गरिनेछ ।

६४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी र नजितामूलक तवरबाट सञ्चालन गरिनेछ ।

६५. नगरपालिका भित्र रहेको रोजगार सेवा केन्द्रलाई सूचना बैंक र रोजगार अभिलेख केन्द्रको रुपमा समेत व्यवस्थापन गरिनेछ ।

६६. वैदेशिक रोजगार सुरक्षित, मर्यादित तथा व्यवस्थित बनाउन सुरक्षित आप्रवासन कार्यक्रमलाई व्यवस्थित गरिनेछ । वेसीशहर नगरपालिकाका बासिन्दालाई विदेशमा काम लाग्ने खालको सीप तालिम लिएर मात्रै वैदेशिक रोजगारीमा जाने वातावारण तयार गरिनेछ ।

६७. वैदेशिक रोजगारीमा जान लागेका र गैसकेकाहरुलाई आफ्नो एक प्रति कागजात घरमै छाड्न र विदेशबाट पठाउन प्रोत्साहन गर्ने नीति लिइनेछ । जसले गर्दा कुनै समस्या परेमा उद्दार राहत तथा समन्वयमा सहजता हुनेछ ।

६८. वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप, पूँजी र प्रविधिको उच्चतम उपयोग हुने गरी काम गर्ने वातावरण सिर्जना गरिनेछ ।

६९. नगरपालिकाबाट हुने श्रम स्वीकृतीको प्रक्रियालाई अझै प्रभावकारी र सेवाग्राही मैत्री बनाइनेछ ।

उद्योग, वाणिज्य, सहकारी

७०. औद्योगिक ग्रामको लागि छनौट भएको सितलेस्वाँरा क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन अनुसार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको साझेदारीमा पूर्वाधार विकासका कार्यहरु अघि बढाइनेछ ।

७१. नीजि क्षेत्रलाई उद्योग व्यवसाय स्थापना र सञ्चालनमा सहज वातावरण तयार गर्दै आवश्यक सहजीकरणको लागि नगरपालिकाबाट भूमिका निर्वाह गरिनेछ । साथै सवै व्यापार व्यवसायहरुलाई नगरपालिकामा अनिवार्य सूचीकृत गराई नगरपालिकाको छाता भित्र ल्याउने र सुरक्षण दिने तथा उत्कृष्ठ व्यवसायी र करदातालाई सम्मान गरिनेछ ।

७२. उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपलब्ध खाद्य तथा अन्य बस्तु र सेवाको गुणस्तरीयताको सुनिश्चित गर्न वजार अनुगमन सम्बन्धी नीति तथा मापदण्ड अनुरुप वजारको अनुगमन र नियमनलाई थप प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

७३. सहकारी संस्थाहरुको अनुगमन, नियमन गरिनेछ । साथै सहकारी संस्थाहरुको प्रवर्द्धनको लागि प्रशिक्षण तथा अध्ययन अवलोकन कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै सहकारी संस्था व्यवस्थापन सम्बन्धी आधारशिला कार्यक्रम सञ्चालन गरिनेछ ।

७४. व्यवसायीहरुको हक हीत र अधिकार तथा व्यवसायीहरुको समस्याको उठान र सम्बोधनको लागि उद्योग वाणिज्य संघ समेतसंग सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(ख) सामाजिक विकास

स्वास्थ्य तथा पोषण :

७५. नेपालको संविधान २०७२ र स्थानिय सरकार संचालन ऐन २०७४ मा उल्लेख भए अनुरुप निःशुल्क आधारभुत स्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य सेवाको प्रत्याभुती, स्वास्थ्य उपचारको सम्वन्धमा जानकारी, सेवामा समान पहुँच, स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँच र प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी हक सुनिश्चित गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७६. आधारभुत स्वास्थ्य सेवा अन्तर्गतका प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्राथमिक स्वास्थ्य सेवालाई आम नागरिकको स्वास्थ्य सेवाको आवश्यकता पूर्तिका लागि नगरपालिकावाट शुलभ रुपमा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

७७. स्वास्थ्य संस्थाहरुमा उपलब्ध हुने आधारभुत स्वास्थ्य सेवा गुणस्तरीय वनाउदै सेवाग्राही, सेवा प्रदायक र व्यवस्थापन पक्षको अधिकतम सन्तुष्टीको सुनिश्चितता गरिनेछ ।

७८. दिगो विकास लक्ष्यमा घोषणा भए अनुरुप स्वास्थ्यका तर्पासिलका लक्ष्यहरु प्राप्त गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- सन् २०३० सम्ममा मातृमृत्युदर ७० प्रति १ लाख जिवित जन्ममा झार्ने ।
- सन् २०३० सम्ममा नवशिशु मृत्युदर विद्यमान २३ प्रति १ हजार जिवित जन्मवाट १२ प्रति १ हजार जिवित जन्ममा झार्ने ।
- सन् २०३० सम्ममा ५ वर्ष मुनिको बाल मृत्युदर ३८ प्रति १ हजार जिवित जन्मवाट २५ प्रति १ हजार जिवित जन्ममा झार्ने ।
- सन् २०३० सम्ममा एड्स, क्षयरोग, औलो र अन्य रोगहरु जस्तै हेपाटाइटीस, पानी जन्य रोगहरु साथै सरुवा रोगको महामारी १ तिहाई तल झार्ने ।

७९. स्वास्थ्य संस्था र स्वास्थ्य सेवा प्रवाह व्यवस्थित बनाउने उद्देश्यले वहुक्षेत्रीय समन्वय र सुशासन अभिवृद्धि गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र आधारभुत स्वास्थ्य सेवावाट वञ्चितीमा परेका समुदायलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याइनेछ ।

८०. सामाजिक परिक्षणको मुल मर्मलाई मध्यनजर गर्दै वार्षिक रुपमा सामाजिक परिक्षण गर्ने र त्यसवाट आएका सुझावहरुलाई कार्ययोजना सहित सुधार गर्दै लगिनेछ ।

८१. नगरपालिकाको स्वास्थ्य सेवा प्रवाहलाई व्यवस्थीत वनाउनको लागि आर्थिक वर्षको शुरुवातमा नै शुक्ष्म कार्य योजना तयार गरि कार्यकम संचालन गर्ने र स्वास्थ्य सेवाको न्युनतम मापदण्डलाई परिपूर्ति गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

८२. नगरपालिकामा सञ्चालनमा रहेका मानव सेवा आश्रम र वाल गृहमा वसोवास गर्ने व्यक्तिहरु र सवै समुदायका अति विपन्न र दलित समुदायका विपन्न घरपरिवारहरुको निःशुल्क स्वास्थ्य विमा गराउने प्रक्रिया संचालन गरिनेछ । अन्यको हकमा स्वास्थ्य विमा प्रबर्द्धनका लगि आवश्यक कार्य गरिनेछ ।

८३. सवै विद्यालयहरुमा स्वास्थ्यकर्मीहरु परिचालन गरी स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

८४. सहज पहुँचको लागि विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

८५. "घरमा हुने सुत्केरी सुन्य" घोषणा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाइनेछ साथै सुत्केरी महिला पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८६. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार बापत मासिक रु ५ हजार खर्च उपलब्ध गराउने कार्यमा आवश्यक सहयोग पुऱ्याइनेछ ।

८७. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, दिर्घ रोगबाट प्रभावित व्यक्तिहरुको सम्भाव्य जोखिम न्युनीकरणको लागि ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्यसेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८८. जनस्वास्थ्य प्रबर्द्धनका लागि स्वास्थ्य जीवनयापन प्रवर्द्धन र सुर्तीजन्य पदार्थ प्रयोगको नियन्त्रण र नियमनका लागि सचेतना तथा ऐन बमोजिम नियमन गरिनेछ ।

८९. कुपोषणको न्युनीकरणका लागि बहुक्षेत्रीय पोषण योजनाको लक्ष्य मुताविक पोषण लक्षित एवम् पोषण सम्वेदनशील कार्यक्रमलाई सवै वडाहरुमा सञ्चालन गरिनेछ ।

९०. नेपाल सरकारको निरोगी नेपाल अभियान अन्तर्गत आफ्नो स्वास्थ्य आफ्नै दायित्व स्वरुप सन्तुलित आहार, शारिरीक व्यायाम, व्यक्तिगत सरसफाईलाई समेत जोड दिनको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९१. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको भूमिका र योगदानको उच्च मूल्यांकन गरी प्रोत्साहन गरिनेछ ।

९२. स्वास्थ्य संस्था संचालन र आधारभुत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने औषधीहरु,सर्जिकल सामाग्रीहरु,ल्यावका लागि आवश्यक पर्ने रिएजेज्टहरु लगायतका सामाग्रीहरु र टी.टी सुई वर्ष भरी नै आपूर्ती तथा उपलब्धताको व्यवस्था गरिनेछ ।

९३. सुत्केरी तथा जटील अवस्थाको गर्भवती सेवाका लागि निःशुल्क एम्वुलेन्स (गाडी भाडा) सेवा कार्यक्रम (घरदेखि स्वास्थ्य संस्था सम्म (वर्थिङ सेन्टर) र स्वास्थ्य संस्थावाट अस्पतालसम्म लैजादा लाग्ने रकम) संचालन गरिनेछ ।

९४. मानिसक स्वास्थ्य समस्याको न्यूनीकरणको लागि मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति २०७९ वमोजिम कार्य गरिनेछ । मानसिक सम्वन्धी विशेषज्ञद्धारा स्वास्थ्य शिविर संचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९५. आत्महत्या न्युनिकरणका लागि विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम र सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।

९६. विपदजन्य अवस्था तथा महामारीको अवस्थामा मानव स्वास्थ्यमा पर्ने असर न्यूनीकरणका लागि पूर्व तयारी तालिम (PTC Training) र द्रुर्त प्रतिकार्य समिति तथा टोली गठन गरी आवश्यक परेको समयमा परिचालन गरिनेछ ।

९७. आयुर्वेद स्वास्थ्य सम्वन्धी सेवालाई प्रवर्द्धन गर्दै लगिनेछ ।

शिक्षा

९८. "हाम्रो समुदायको विद्यालय हाम्रो प्रतिष्ठा र पहिचान सुधारका लागि चलाऔं अभियान" भन्ने मूल नाराका साथ विद्यालयहरुको शैक्षिक र प्रशासनिक व्यवस्थापन सुधार गर्दै भौतिक, शैक्षिक, शिक्षण सिकाइयुक्त बालमैत्री नमूना विद्यालयमा रुपान्तरणका लागि योजना बनाइ कार्यान्वयन गरिनेछ।

९९. कम्तिमा एक विद्यालय एक बालबिकास केन्द्रको अवधारणा लिइ वालबालिकाहरुको संख्या न्यून भएका समुदायमा आधारित बालबिकास केन्द्रहरुलाई पुनर्बितरणगरिनेछ ।प्रारम्भिक बालबिकासको कक्षामा निर्धारित मापदण्ड अनुसार बसाइ व्यवस्था र सरसफाईलाई ध्यान दिइ खेल सामाग्री मनोरञ्जन सामाग्री अडियो भिजुवल सामाग्री सहित आकर्षक मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ।

१००. अनिवार्य तथा निशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियान सञ्चालन गरिनेछ । बिपन्न जेहन्दार विद्यार्थीहरुलाई छात्रबृत्ति प्रदान गर्ने र बालबालिकाहरुको सृजनात्मक क्षमतालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०१. विद्यालय शिक्षामा गुणस्तर कायम गर्नका लागि पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयहरुमा प्रयोगशाला पुस्तकालय तथा सिकाइ कुनाको ब्यवस्था गरिनेछ ।

१०२. शिक्षण सिकाईलाई आधुनिक प्रविधिमैत्री बनाउनका लागि बिद्यालयहरुमा डिजिटल शैक्षिक सामग्रीहरु व्यवस्थापन इन्टरनेट ल्यापटप प्रोजेक्टर स्क्रिन व्यवस्थापन तथा अन्य शैक्षिक भौतिक र प्रणालीगत सुधारका लागि मेयर शैक्षिक सुधार कार्यक्रम संचालन गरिनेछ ।

१०३. शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी संख्या कम भएका विद्यालयहरुमा बहुकक्षा शिक्षण ब्यवस्था मार्फत पढाई सिप प्रबर्द्धन गर्न उपपुक्त पाठ्यसामग्री र उपयुक्त कक्षाकोठा व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०४. आधारभूत तहको कक्षा ८ मा सञ्चालन हुँदै आएको नगरपालिकास्तरीय परीक्षालाई ब्यवस्थित गरिनेछ । कक्षा ४ देखि कक्षा ९ सम्म विद्यालयस्तरमा सञ्चालन हुँदै आएको बार्षिक परीक्षालाई पनि नगरपालिका भरमा एकरुपता कायमगरि सञ्चालन गर्न प्रबन्ध मिलाइनेछ। विद्यार्थी उपलब्धिको नतिजालाई आधारमानि शिक्षक र विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ।

१०५. साधारण एवम् प्राविधिक धारका कक्षा सञ्चालन गर्ने माध्यमिक विद्यालयहरुको संरचनात्मक विकास र नियमन कार्यलाई प्राथमिकतामा राखिनेछ भने अन्य विद्यालयहरुको नियमन प्रणालीमा सुधार गरिनेछ।

१०६. बेसीशहर नगरपालिकाले निर्माणगरि यस शैक्षिक सत्रदेखि लागू गरेको कक्षा १–८ को स्थानीय पाठ्यक्रमसँग सम्बन्धित सन्दर्भ सामाग्री विकासका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०७. विद्यालयका प्रधानाध्यापकलाई शैक्षिक र प्रशासनिक तवरले बलियो बनाउने उद्देश्यका साथ विद्यालय सुशासन शैक्षिक व्यवस्थापन सम्बन्धी कार्य गरिनेछ । प्रधानाध्यापकको समयानुकूल गतिशील बहुआयामिक भूमिका र प्रशासनिक व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग र अन्य क्षमता अभिबृद्धि गर्नका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०८. नगर शिक्षा नियमावलि २०७४ ले व्यवस्था गरे अनुसार विद्यालय विकास प्रस्तावनाको आधारमा प्रतिस्पर्धात्मक रुपमा सक्षम प्रधानाध्यापकको करार नियुक्ति र पुनर्नियुक्तिको व्यवस्था कार्यान्वयन गरिनेछ।

१०९. विद्यालयहरुका बालबालिकाहरुका लागि स्थानीय स्वास्थ्य संस्थामा आधारित स्वास्थ्य परिक्षण र उपचार कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११०. माध्यमिक र आधारभुत विद्यालयहरुमा विशेष गरी बालिका लक्षित आराम कक्ष व्यवस्थापन गरिनेछ । विद्यालयका किशोरीहरुलाइ लक्षित गरी किशोरीहरुसग उपमेयर कार्यक्रम सञ्चालन गरिनेछ ।

१११. विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धिका लागि सबै सरोकारवालाहरुलाइ समावेशगरी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११२. सामुदायिक सिकाइ केन्द्रहरुलाइ निरन्तर शिक्षा लगायत शैक्षिक चेतनामूलक कार्यक्रम सञ्चालनका लागि सक्रिय रुपले परिचालन गरिनेछ ।न्यून साक्षरता भएका वडाहरुमा निरन्तर शिक्षाका कक्षाहरु सञ्चालन गरि युवाहरु र वयस्कहरुका लागि सिकाइका अवसरहरु प्रदान गरिनेछ।

११३. संस्थागत विद्यालयहरुको व्यवस्थापकीय अवस्थाको स्तर निर्धारण गरि विद्यार्थीहरुबाट लिन पाउने अधिकतम् शुल्कको सिमा निर्धारण गरिनेछ।

११४. विद्यालय तहदेखि नै खेलकुद, स्काउट र योगाभ्यासका कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

११५. विद्यालयहरुमा कोभिड - १९ महामारी लगायत अन्य बिपद्जन्य परिस्थितिका कारणले अबरुद्ध भएका प्रत्यक्ष सिकाइ कार्यक्रमलाइ सुचारु गर्न बैकल्पिक शिक्षा कार्यक्रमहरुको उपयोग गरिनेछ।

११६. कोभिड १९ लगायतका अन्य महामारीबाट बालबालिकाहरुलाइ सुरक्षित राख्न विद्यालयहरुमा आधारभूत स्वास्थ्य मापदण्डहरु अपनाउने ब्यबस्था मिलाइनेछ।

११७. बालबिकास केन्द्रका सहयोगि कार्यकर्ता र विद्यालय कर्मचारीहरुको पारिश्रमिकमा यथोचित मात्रामा प्रोत्साहन अनुदान उपलब्ध गरिनेछ।

११८. निश्चित मापदण्डका आधारमा दरबन्दी नपाएका विद्यालयहरुमा शिक्षक ब्यवस्थापनका लागि दरबन्दी मिलान कार्यक्रम गरिनेछ।

११९. बजारको माग अनुसारको जनशक्ति तयार गर्न कार्यक्रम सञ्चालन गर्ने तथा बेसीशहरमा रहेको मर्स्याङ्दी बहुमुखी क्याम्पसलाई प्रस्तावनाको आधारमा सहयोग पुर्याइनेछ।

युवा तथा खेलकुद

१२०. सबैका लागि खेलकुद,स्वास्थ्यका लागि खेलकुद" भन्ने अभियानका साथ खेलकुद सम्बन्धी प्रतियोगिता सञ्चालनका लागि स्थानीय खेलकुद सम्बन्धी संघ/संस्थाहरुलाई प्रोत्साहित गरिनेछ।

१२१. सहजी फूटबल खेल मैदानलाई सहजी रङ्गशालाको रुपमा परिणत गर्ने गरी पूर्वाधार विकासका लागि सहयोग गरिनेछ।

१२२. नगरपालिकाको प्रत्येक वडामा कम्तिमा १/१ वटा खेल मैदान निर्माण वा सुधार कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२३. शासकीय प्रकृयामा युवाहरुको सहभागिता बृद्धि गर्ने, युवाद्धारा सञ्चालित उद्यम ब्यवसायमा सहयोग गर्ने, सामाजिक कुरीती विभेद र बिसङ्गति विरुद्ध युवा परिचालन गर्ने नीति लिइनेछ ।

१२४. नगरपालिकास्तरमा युवा परिषद गठन गरी युवा शसक्तिकरण र युवा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२५. नवगठित नगरस्तरीय खेलकुँद विकास समितिलाइ थप क्रियाशिल बनाइनेछ। मेयरकप खेलकुँद प्रतियोगिताको दायरालाइ अझ फराकिलो बनाइ खेलकुँद गतिविधि सन्चालन गरिनेछ।

१२६. स्थानीय तहस्तरमा सञ्चालन हुँदै आएको राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई थप व्यवस्थित र प्रतिस्पर्धी बनाई जिल्ला प्रदेश र राष्ट्रिय स्तरमा सञ्चालन हुने प्रतियोगितामा उत्कृष्ठ स्थान प्राप्त गर्ने वातावरणका लागि विद्यालयहरु र खेलाडीहरुलाई प्रोत्साहित गर्ने कार्यक्रमहरु राखिनेछ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरण

अपांगता सम्बन्धी

१२७. मध्यम प्रकारको अपांगता परिचय पत्र (ग बर्ग) लिएका व्यक्तिहरुको निःशुल्क स्वास्थ्य विमा गराइनेछ। साथै ग बर्गको अपांगता परिचय पत्र लिएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने नीति तथा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२८. अपांगता भएका व्यक्तिहरुले कानून वमोजिम पाउनु पर्ने सेवासुविधा, छुट र सहुलियत पाए नपाएको सम्बन्धमा नियमन, पैरवी तथा आवश्यक समन्वय र सहजीकरण गरिनेछ।

१२९. अपांगता भएका व्यक्तिहरुलाई आवश्यकतानुसार सहायता सामाग्री तथा प्रविधिहरु दोहोरोपना नहुने गरी उपलब्ध गराइनेछ।

१३०. अपांगता भएका व्यक्तिहरु र नीजहरुको परिवार लाभान्वित हुने गरी जिविकोपार्जन सशक्तिकरण र आवाज सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३१. बेसीशहर नगरपालिकाभित्र रहेका अपांगता भएका व्यक्तिहरुको तथ्यांकलाई खण्डीकृतरुपमा अभिलेखीकरण गरी व्यवस्थित बनाइनेछ।

१३२. अन्य लक्षित वर्ग सम्बन्धी कार्यक्रम तथा शिक्षा, स्वास्थ्य, कृषि सीपविकास जस्ता क्षेत्रगत कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा त्यसभित्र पनि अपांगता भएका व्यक्तिहरु वा नीजका परिवारका सहभागितालाई सुनिश्चित गरिनेछ।

१३३. अपांगता भएका व्यक्तिहरुलाई परिचय पत्र उपलब्ध गराउने तथा परिचय पत्र नविकरण गर्ने कार्य नियमित रुपमा गर्ने। साथै अपांग समन्वय समितिको क्षमता अभिबृद्धि तथा बैठक व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।

महिला सम्बन्धी

१३४. गठन हुन बाँकी रहेका वडाहरुमा वडास्तरीय महिला सञ्जाल गठन कार्य सम्पन्न गरी नगरस्तरीय महिला सञ्जाल गठन गरिनेछ।

१३५. महिलाहरुमा बढी देखा पर्ने पाठ्ठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर तथा सेतो पानी बग्ने रोगहरु सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१३६. महिला सञ्जाल तथा आमा समुहहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३७. स्थानीयस्तरको विकास निर्माण र अभियानमूलक कार्यहरुमा आमा समुहहरु परिचालन गरिनेछ।

१३८. विभिन्न क्षेत्रमा उत्कृष्ठ कार्य गर्ने सफल महिलाहरु छनौट गरी सम्मान तथा पुरस्कृत गरिनेछ।

१३९. महिला माथि हुने लैंगिक तथा घरेलु हिंसा र समाजमा रहेका कुप्रथाको विरुद्धमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४०. चालु आ.व बाट सञ्चालनमा ल्याइएको हिंसा पीडित महिलाहरुको अल्पकालिन आश्रयस्थल सञ्चलन र व्यवस्थापनलाई प्रभावकारी बनाउँदै लगिनेछ ।

१४१. महिलाहरुलाई सीप र उत्पादनसंग जोड्ने गरी कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गरिनेछ ।

१४२. महिलाहरु विच विभिन्न क्षेत्र र विधाका प्रतियोगिताहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

१४३. सवै क्षेत्रको तथ्यांक राख्दा महिला पुरुष छुट्टिने गरी खण्डीकृत तथ्यांक राख्ने प्रणालीको विकास गरिनेछ ।

१४४. लैंगिक बजेट तर्जुमा कार्यलाई निरन्तर रुपमा गरिनेछ ।

बालबालिका सम्बन्धी

१४५. २०८२ सम्ममा नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने लक्ष्य अनुरुप बालमैत्री स्थानीय शासनका ५१ वटा सूचकहरु पुरा हुने गरी बालबालिका सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४६. बालमैत्री स्थानीय शासन सम्बन्धी वडास्तरीय तथा समुदायस्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४७. २०८२ भित्र बेसीशहर नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने गरी कार्यक्रम अघि बढाइनेछ । आगामी आ.व.को पहिलो चौमासिक अवधी भित्र वडा नं २ र १० लाई बालमैत्री वडा घोषणा गरिनेछ भने आगामी आ.व. भित्र वडा नं ४,५,९ र ११ लाई बालमैत्री वडा घोषणा गरिने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१४८. बालबालिकाहरु सम्बन्धी बस्तुगत विवरणको आधारमा बालबालिकाहरुको स्थिति पत्र प्रकाशन र लगानी योजना तयार गरिनेछ ।

१४९. नगरपालिकामा स्थापना गरिएको बाल कोषलाई कार्यविधि बनाई सञ्चालनमा ल्याइनेछ ।

१५०. कठिन परिस्थितिका बालबालिकाहरुको संरक्षण र विकासको लागि आवश्यक सहयोग पुऱ्याइनेछ । समुदायमा बाल संरक्षण प्रणालीको संयन्त्र स्थापना गर्न जोड दिइनेछ ।

१५१. बालबालिका विरुद्ध हुने सवैप्रकारका हिंसा हटाउनको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५२. बालबालिकाहरुसंग सम्बन्धित नगर बाल अधिकार समिति, वडा बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन नगर तथा वडास्तरीय समितिहरुको क्रियाशिलता बृद्धि गरिनेछ ।

१५३. समुदायस्तरीय बाल क्लवहरु गठन तथा पुनर्गठन गरिनेछ । नगरस्तरीय तथा वडास्तरीय बाल सञ्जालहरुको संस्थागत विकासमा सहयोग गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

१५४. बालबालिकाहरुसंग सरोकार राख्ने विभिन्न बैठक भेलाहरुमा बालबालिकाहरुको संस्थागत प्रतिनिधित्वलाई सुनिश्चित गरिनेछ ।

१५५. नगरस्तरीय बाल भेलाबाट प्राथमिकीकरण भै आएका कार्यक्रमहरुलाई प्राथमिकतामा राखी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

जेष्ठ नागरिक सम्बन्धी

१५६. घरमा आफ्ना जेष्ठ नागरिक अभिभावकको निस्वार्थ सेवामा समर्पित हुने घरपरिवारका हेरचाहकर्ताहरुलाई विभिन्न सूचकहरुको आधारमा छनौट गरी सम्मान तथा पुरस्कृत गरिनेछ ।

१५७. विगतदेखि सञ्चालन गर्दै आइएको जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५८. जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन गर्ने संस्था तथा समुदायलाई आवश्यक सहयोग गरिनेछ ।

१५९. ६० बर्ष माथिका एकल पुरुष जेष्ठनागरिक हरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

१६०. वडास्तरमा जेष्ठ नागरिक मञ्च गठन गरी नगरस्तरीय जेष्ठ नागरिक मञ्च गठन गरिनेछ ।

१६१. जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

दलित सम्बन्धी :

१६२. दलित समुदायका युवाहरुलाई आधुनिक सीपमूलक तालिमहरु उपलब्ध गराइनेछ ।

१६३. दलित समुदायले भोग्नु परेका जातिय विभेदलाई हटाउन मद्धत पुग्ने खालका सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६४. विपन्न दलितहरुको जिविकोपार्जन सशक्तिकरणमा टेवा पुग्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६५. दलित उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

न्यायिक समिति सम्बन्धी :

१६६. न्यायिक समितिको कार्यदक्षता अभिवृद्धि गर्ने खालका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१६७. मेलमिलाप मार्फत मिलाउन सकिने विवादहरुलाई मेलमिलापकर्ताहरु समक्ष पठाई विवाद निरुपण गरिनेछ ।

१६८. न्यायिक समितिलाई आवश्यक पर्ने कानूनी परामर्श सेवा लिने व्यवस्था मिलाइनेछ ।

विविध :

१६९. चालु आ.वमा पहिचान गरिएका विपन्न घरपरिवारहरुलाई विपन्न परिचयपत्र उपलब्ध गराइनेछ ।

१७०. परिचय पत्र प्राप्त गरेका विपन्न परिवारहरुको नि:शुल्क स्वास्थ्य विमा गराइनेछ ।

१७१. नगरपालिकामा रहेका मानव सेवा आश्रम, बाल गृहहरुलाई आवश्यक सहयोग गरिनेछ ।

१७२. चेपाङ लगायत पछाडि परेका/पारिएका जातजाति र समुदायको हीतको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

खानेपानी तथा सरसफाई

१७३. सवै घरधुरीहरुमा एक घर एक धारा कार्यक्रम पुऱ्याउने लक्ष्यका साथ खानेपानीका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७४. नगरबासीहरुलाई सुविधाजनकरुपले स्वच्छ, र सुरक्षित खानेपानीको व्यवस्था गर्ने कार्यमा ध्यान दिइनेछ । "दिगो विकासको मुख्य आधार स्वच्छ खानेपानी र सरसफाईयुक्त व्यवहार" भन्ने नारालाई सफल पार्न अधिकतम प्रयास गरिनेछ ।

१७५. जीर्ण र क्षतिग्रस्त खानेपानी आयोजनाहरुको मर्मत तथा सुधार विस्तार गर्दै लगिनेछ । साथै परम्परागत ढुंगेधारा तथा मूलहरुको संरक्षण गरिनेछ ।

१७६. ठूला प्रकृतिका खानेपानी आयोजनाहरु संघ र विशेष गरी प्रदेशस्तरबाट सञ्चालन गरिने नीति रहेको हुँदा स साना खानेपानी आयोजना र मर्मत सुधारका कार्यक्रमहरु नगरपालिकास्तरबाट कार्यान्वयन गरिने तथा ठूला आयोजनाहरुको लागि संघ र प्रदेशमा सिफारिश गरिनेछ ।

१७७. पिउने पानीको शुद्धिकरणको लागि कम्तिमा एक घर एक फिल्टर जडान गरी पानीजन्य संक्रमणबाट बच्न सचेतना कार्यक्रम गराइनेछ ।

१७८. घर र सार्वजनिक धाराबाट निस्कने फोहरपानीको व्यवस्थापनमा ध्यान दिन समुदायलाई परिचालित गरिनेछ ।

१७९. खानेपानी उपभोक्ताहरुको नगरपालिकास्तरीय सञ्जाल तयार गरी खानेपानीसंग सम्वन्धित सूचना तथा माग संकलन तथा खानेपानी व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१८०. सवै नगरबासीलाई आधारभूत सरसफाई सेवा उपलब्ध गराउनको लागि सरसफाईमा युवा क्लव तथा टोल विकास संस्थाहरु प्रभावकारी रुपले परिचालन गरिनेछ । पूर्ण सरसफाईको अभियानलाई सफल पार्न स्थानीय गैरसरकारी संस्था तथा सामुदायिक संगठनहरुसंग आपसी सहकार्य गरिनेछ ।

१८१. खानेपानी उपभोक्ता समितिहरुको क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८२. शौचालय नभएका विपन्न, दलित, असहाय, व्यक्तिहरुको निम्ति शौचालय निर्माण गर्न अनुदान रकम प्रदान गरिनेछ ।

१८३. नगरभित्रका प्रत्येक वडाहरुमा सरसफाई सम्बन्धी वडास्तरीय अभिमुखीकरण सञ्चालन गरिनेछ ।

१८४. नगर भित्रका खानेपानी उपभोक्ता समितिहरुको प्रतिनिधित्व रहने नगरपालिकास्तरीय WASH Board गठन गरिनेछ ।

१८५. नगरपालिकास्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिलाई क्रियाशिल बनाइनेछ ।

संस्कृति तथा कला साहित्य

१८६. सवै मौलिक संस्कृतिको जगेर्ना गर्नको लागि आयोजना गरिने पर्व महोत्सव लगायतका मागमा आधारित कार्यक्रमहरुमा आवश्यक सहयोग गरिनेछ । सबै सम्प्रदायको मौलिक लोकसंस्कृति, भेषभूषा, परम्परागत प्रयोग सामाग्री आदिको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

१८७. कला साहित्यको प्रवद्धनको लागि सञ्चालन हुने कार्यक्रममा आवश्यक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ । कला र साहित्यका स्थापित सर्जकहरुलाई सम्मान गर्ने तथा सर्जकका कृतिहरुलाई संरक्षण गर्दै जाने नीति लाई निरन्तरता दिइएको छ ।

१८८. बेसीशहर नगरपालिका भित्रका कलाकर्मी तथा साहित्यकारहरुको रोष्टर तयार गरिनेछ । साथै नगरपालिकाबाट सम्मान कार्यक्रम समेत आयोजना गरिनेछ ।

(ग) पूर्वाधार विकास

सडक यातायात

१८९. सडक यातायात नगरपालिकाको प्रमुख प्राथमिकताको क्षेत्र रहेको तथा सामाजिक र आर्थिक विकासमा सडकले महत्वपुर्ण योगदान पुऱ्याउने भएकोले आगामी आर्थिक बर्षमा सडक स्तरोन्नति तथा मर्मत सम्भार कार्यलाई मुख्य जोड दिइनेछ ।

१९०. नगर यातायात गुरुयोजना (MTMP) वमोजिम सडकहरुको वर्गिकरण र प्राथमिकीकरण गरी सडकहरुको स्तरबृद्धि गरिनेछ । नगरपालिकामा उपलब्ध हुने बजेटबाट सडक कालोपत्रे गर्न कठिन भएपनि मोड सुधार, नाली निर्माण, टेवा पर्खाल निर्माण, सोलिङ, जस्ता कार्यहरु सम्पन्न गरिनेछ ।

१९१. नगरपालिका केन्द्रबाट वडा कार्यालयहरु सम्मको सडकलाई स्तरोन्नति गरी बाह्रै महिना यातायात सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

१९२. समपुरक अनुदान अन्तर्गत संघीय सरकार र नगरपालिकाको ५०/५० प्रतिशत लागत साझेदारीमा चालु आ.व.बाट शुरु गरिएको उदीपुर नयाँगाउँ सडक र धुरपुरे दुईथोक विम्दा बाखेजगत सडक स्तरोन्नतिको लागि आवश्यक बजेट विनियोजन गरिनेछ । साथै प्रदेश समपुरकतर्फ पर्ने सडकको स्तरोन्नति गरिनेछ ।

१९३. संघीय तथा प्रदेश समपुरकतर्फ नपरेका मुख्य प्राथमिकताका सडकहरुमा नगरपालिकाबाट यथासक्य बजेट विनियोजन गरिनेछ ।

१९४. बजार तथा बजारोन्मुख क्षेत्रमा नगरपालिकाको ६०% र स्थानीय समुदायको ४०% लागत साझेदारीमा सडक कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९५. बर्षाको समयमा आउने भल, बाढी पहिरोबाट सडक क्षतिग्रस्त हुने हुँदा सडक मर्मत सम्भार कोषमा आवश्यक बजेट विनियोजन गरी बर्षाको कारणले क्षति हुने सडकहरु मनसुन लगतै मर्मत सम्भार कार्य गरिनेछ ।

१९६. बजारक्षेत्रको पक्की सडकमा पर्ने खाल्टाखुल्टीलाई तत्काल मर्मत गरी सुचारु गर्ने तथा अन्य अवरोध हटाउनको लागि उपयुक्त कार्यविधि निर्धारण गरी कार्यान्वयनमा लगिनेछ ।

१९७. बर्षाको कारण भल, बाढी पहिरो तथा कटानबाट अबरुद्ध हुन जाने मुख्य मुख्य प्राथमिकताका सडकहरु तत्काल खोली यातायात सुचारु गरिनेछ ।

१९८. सडक बोर्डतर्फबाट प्राप्त हुने सडक मर्मत सम्भार तथा स्तरोन्नतिको लागि सडक समपुरक कोषमा ३०% रकम विनियोजन गरी सडकहरुको मर्मत सम्भार र स्तरबृद्धि गरिनेछ ।

१९९. भाचोकखोला सडक पुल, मैयु पुमाखोला सडक पुल, सेरा भलामखोला सडक पुल, चिती धुँवाखोला सडक पुल मजुवा खोला सडक पुल, निर्माणको लागि प्रदेश सरकार र संघीय सरकारसंग माग गरिनेछ ।

२००. घर तथा अन्य संरचना निर्माण गर्दा सडक मापदण्डको पालना गरे नगरेको नियमन गरिनेछ । यदि कहीं कसैले सडक मापदण्ड मिच्न खोजेमा तुरुन्त कारबाहीको दायरामा ल्याइनेछ ।

२०१. सडक सञ्जालको विस्तार र सुदृढीकरण संगै उत्पादन कार्यक्रम जोडेर लैजाने नीति लिइएको छ ।

भवन तथा शहरी विकास

२०२. उद्योग वाणिज्य संघ, यातायात व्यवसायी संघ, टोल विकास संस्था, स्थानीय प्रशासन, युवा क्लव जस्ता सरोकारवालाहरुको समेत सहभागितामा बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तर्जुमा गरी बेसीशहर बजार क्षेत्रको व्यवस्थापन गरिनेछ ।

२०३. सुरक्षित नागरिक आवास, शहरी विकास तथा विपद् जोखिमको सम्बन्धमा सौराहा गोष्ठीबाट तयार भएको कार्ययोजनामा उल्लेख भएका विषयहरुलाई क्रमशः कार्यान्यनमा लगिनेछ ।

२०४. स्थानीय संघसंस्थासंग सहकार्य गरी बेसीशहर बजार क्षेत्रका सडकहरुमा स्ट्रिट नम्बर राख्ने कार्य सम्पन्न गरिनेछ ।

२०५. बेसीशहर बजार क्षेत्रको ट्राफिक व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

२०६. नगरपालिकाको एकिकृत शहरी पूर्वाधार विकास योजना समेतलाई आधार मानी शहरी पूर्वाधार विकासका कार्यहरु अघि बढाइनेछ । साथै एकिकृत शहरी पूर्वाधार विकासको अवधारणा अनुरुप गरिने कार्यहरुको लागि सवै सरोकारवाला निकायहरु विच आपसी सहकार्य र तालमेल मिलाउनको लागि आवश्यक समन्वय र सहजीकरण गरिनेछ । खानेपानी तथा ढल निकास विभागसंग साझेदारी गर्दै ढल निकासको प्रवन्ध मिलाइनेछ ।

२०७. बजारोन्मुख तथा बस्ती बस्ने सम्भावना भएका स्थानहरुमा व्यवस्थित शहरीकरणको अवधारणा अनुरुप बस्ती स्थापनाको लागि मापदण्ड निर्धारण गरिनेछ ।

२०८. स्थानीय समुदायसंग ५०/५० को लागत साझदारीमा सामुदायिक भवन निर्माण, स्तरोन्नति तथा मर्मतको लागि नगरपालिकाले व्यहोर्ने अधिकतम सीमा प्रति योजना रु ५ लाख कायम राख्ने नीतिलाई आगामी आव २०८०।०८१ मा पनि निरन्तरता दिइनेछ । समुदायमा रहेका सामुदायिक भवनहरुलाई बहुउद्देश्यीय बनाउनेतर्फ ध्यान दिइनेछ ।

२०९. डिजिटल माध्यमबाट सामुदायिक भवन लगायतका संरचनाहरुको अवस्थाको बारेमा अभिलेखीकरण गरिनेछ । पर्यटकीय स्थलहरुको गुगल म्यापिङ गर्ने कार्यलाई जोड दिइनेछ ।

२१०. सुरक्षित बसोबास र व्यवस्थित बस्ती निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्ड, २०७२ को पुर्ण पालना गरिनेछ । प्राविधिक हिसावले सुरक्षित एवम् उपयुक्त, आर्थिक दृष्टिले सम्भाव्य तथा वातावरणीय दृष्टिले सन्तुलित बस्ती विकास र भवन निर्माणलाई प्राथमिकता दिइनेछ ।

विद्युत/ऊर्जा

२११. विद्युतको नियमित आपूर्तीको लागि अन्य जिल्लाबाट सट डाउन हुँदा जिल्लामै उत्पादन भएको बिजुलीबाट नियमित रुपमा विद्युत उपलब्ध हुने कार्यको लागि पहल गरिनेछ ।

२१२. सडकवत्ति बाल्ने कार्यमा बत्ति जडान, मर्मत सम्भार र शुल्क लगायत अन्य व्यवस्थापनको लागि टोल विकास संस्था वा अन्य समुदायमा आधारित संघसंस्थाहरुलाई जिम्मेवार बनाई प्राप्त हुने प्रस्तावनाको आधारमा सडक बत्ति बाल्ने कार्यमा लागत साझेदारी गरिनेछ ।

२१३. बजार क्षेत्र तथा बजारोन्मुख क्षेत्रमा सडक बत्तीहरु जडान तथा मर्मत सम्भार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । विद्युत सेवाको सुविधाबाट कुनै पनि घरपरिवारलाई विमुख पारिने छैन ।

२१४. नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी आवास र बजार क्षेत्रका नांगो विद्युत तारलाई प्लाष्टिक कोटेड गराउने कार्यको लागि पहल गरिनेछ ।

२१५. खाना पकाउने इन्धनको लागि विद्युतीय (इन्डक्सन) चुलो दीर्घकालिन दृष्टिकोणले बढी उपयोगी हुने देखिएको हुँदा उपभोक्ताहरुलाई उक्त चुलोको उपयोग बढाउन प्रोत्साहित गरिनेछ ।

सूचना प्रविधि तथा सञ्चार

२१६. नगरक्षेत्रका आन्तरिक पर्यटक विश्राम गर्ने केही सार्वजनिक स्थलहरुमा नेपाल टेलिकमसंगको समन्वयमा फ्रि वाइफाई जडान गरी सञ्चालनमा ल्याइनेछ ।

२१७. सञ्चार माध्यमहरुको संस्थागत पूर्वाधार सुदृढीकरणको लागि लागत साझेदारीमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

विपद् व्यवस्थापन

२१८. विपद् व्यवस्थापन कोष मार्फत विपदजन्य घटनामा गर्दै आइएको सहयोगलाई निरन्तरता दिइनेछ । विपद्जन्य घटनामा गर्ने सहयोगको मापदण्डलाई थप परिमार्जन गरिनेछ । साथै विपद्जन्य घटनाको स्थलगत अध्ययन गरेर मात्र सहयोग उपलब्ध गराइनेछ । नगरपालिकामा विपद् व्यवस्थापनको लागि Rapid Response Team गठन गरी परिचालन गरिनेछ ।

२१९. विभिन्न प्रकृतिका विपदजन्य अवस्थामा आवश्यक पर्ने मेसिन, सामाग्री, औजार तथा उपकरण खरिद गरी आवश्यक परेका समयमा उपयोगमा ल्याइनेछ ।

२२०. संरचनागत सार्वजनिक सम्पतिहरुमा हुने क्षतिलाई न्यूनीकरण गर्न आवश्यक पर्ने नाली खन्ने बकिट लगायतका सामाग्रीहरु खरिद गरी कामलाई प्रभावकारी बनाइनेछ ।

२२१. मनसुनजन्य विपद्को समयमा विशेष गरी पहिरोको कारण अवरुद्ध हुन जाने महत्वपूर्ण सडकहरुलाई तत्काल खुलाई सवारी आवागमनलाई सुचारु गरिनेछ ।

२२२. विशेष गरी मनसुनजन्य विपद्को सम्भावित जोखिम न्यूनीकरण तथा विपद्को समयमा प्रभावितहरुलाई आवश्यक पर्ने त्रिपाल तथा तारजालीको व्यवस्था मिलाइनेछ ।

२२३. प्राकृतिक वा गैर प्राकृतिक विपदका घटना घटिहालेमा उद्धार, राहत र पुनर्स्थापनाको लागि पूर्व तयारी तथा प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याइनेछ । आपतकालिन कार्य सञ्चालन केन्द्रलाई व्यवस्थित रुपमा राखिनेछ ।

२२४. विपद्मा युवा कार्यक्रम अन्तर्गत सवै वडामा विपद्मा युवा स्वयंसेवक तयार गरेर राख्ने कार्यक्रम सञ्चालन गरिनेछ । त्यसरी राखिएका युवाहरुलाई सीप विकास र रोजगारीमूलक कार्यक्रममा समेत प्राथमिकता दिइनेछ ।

२२५. जनसमुदायस्तरसम्म विपद पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकासका लागि क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । साथै खोज, राहत तथा उद्धारका लागि सुरक्षा निकायहरू परिचालित हुने सन्दर्भमा उक्त निकायहरुको क्षमता विकास तथा आवश्यक सामान, उपकरण उपलब्ध गराउने कार्यमा आवश्यक सहयोग गरिनेछ ।

२२६. चट्याङ नियन्त्रणको लागि बढी चट्याङ पर्दै आएका क्षेत्रहरुमा अर्थिङ सेन्टर राख्ने कार्य शुरु गरिनेछ ।

वातावरण तथा फोहरमैला व्यवस्थापन

२२७. नगरभित्रको फोहोर व्यवस्थापनका निमित्त सेनेटरी ल्याण्डफिल्ड साईट तथा फोहोर प्रशोधन केन्द्रको स्थापना गर्नको लागि जग्गा प्राप्तिमा जोड दिइनेछ ।

२२८. फोहरमैला संकलन र विसर्जन कार्यको लागि विद्यमान नीजि क्षेत्र संगको सहकार्यलाई जारी राखिनेछ ।

२२९. जलजन्य प्रकोप नियन्त्रण तथा भूक्षय नियन्त्रणको लागि तारजाली उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । साथै मर्स्याङ्दी जलाशय क्षेत्र, पुमा खोला, मजुवा खोला, खहरेखोला, धुवाँखोला लगायतका खोलानालाहरुको तटबन्ध निर्माण कार्यमा संघ तथा प्रदेश मातहतका कार्यालयहरुसंग आवश्यक समन्वय गरिनेछ ।

२३०. जैविक विविधता संरक्षण, जलाधार संरक्षण, हरियाली प्रवर्द्धन, शहरी सौन्दर्यताको विकास, स्वच्छ र सफा वातावरणको लागि फोहरमैला व्यवस्थापनमा उचित ध्यान दिइनेछ ।

२३१. सामुदायिक वन तथा वनजन्य क्षेत्रबाट स्थानीय उपभोक्ताले बढी भन्दा बढी लाभ पाउने गरी सामुदायिक वनभित्र फलफुल खेती, काष्ठजन्य तथा डालेघाँसका विरुवा रोपण गरी आयआर्जनमा योगदान पुग्ने क्रियाकलाप संचालन गर्न प्रोत्साहन गरिनेछ ।

२३२. जलवायु परिवर्तन अनुकुलन कार्यक्रम, वन तथा वातावरण संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालनको लागि सहयोग गरिनेछ ।

(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

२३३. आगामी आवमा नगरपालिकाको सुशासन प्रवर्द्धन रणनीति र क्षमता विकास कार्ययोजना तयार गरिनेछ ।

२३४. नगरपालिकाको आफ्नै प्रशासकीय भवन निर्माणको प्रक्रिया शुरु गरिनेछ ।

२३५. नगरपालिका तथा वडातहबाट गरिने सार्वजनिक खरीद प्रकिया व्यवस्थित बनाउन वार्षिक खरिद योजना तयार गरिनेछ । साथै सोही खरिद योजना अनुरुप प्रतिस्पर्धाको माध्यमबाट परामर्श सेवा, निर्माण सेवा तथा आवश्यक सामाग्री खरिद गरिनेछ ।

२३६. नगरपालिकाका सवै कर्मचारीहरुलाई कार्यविवरण उपलब्ध गराइनेछ । कार्यविवरणको आधारमा कार्यसम्पादन मूल्यांकन गरी प्रोत्साहन र दण्डको नीति अवलम्बन गरिनेछ । आन्तरिक सञ्चार प्रणालीलाई सुदृढ गरिनेछ ।

२३७. नगरपालिकाद्वारा प्रवाहहुने सेवालाई क्रमशःहोम डेलीभरी सरकारको अवधारणा अनुरुप बिस्तार गर्दै लगिनेछ । साथै नगरपालिकाबाट प्रवाह हुने सेवामा सेवाग्राहीको सहज पहुँच वृद्धिका लागि कार्यालयहरुमा इच्छुक सेवाग्राहीलाई सामान्य परामर्श सेवा, निवेदनको मस्यौदा, अनलाइनफारम भर्ने, फोटो खिच्ने र फोटोकपी सेवाहरु निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

२३८. नगरपालिका तथा वडाहरुबाट प्रवाह हुने सम्पुर्ण सेवाहरुलाई व्यवस्थित, सरल, सहज र प्रविधिमैत्री बनाउन कार्ययोजना तयार गरिनेछ । साथै जनप्रतिनिधि तथा कर्मचारीहरुलाई साइबर सेक्युरिटी, **E-Governanc/E-Service/Online Service** सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

२३९. नगरपालिकालाई **Open Data Bank** अवधारणातर्फ लगि सवै नयाँ पुराना तथ्यांकलाई एकै ठाउँमा भण्डारण गरिनेछ । जस्ले गर्दा आवश्यक तथ्यांक एकै छिनमा खोज्न सकिने र सजिलै हेर्न मिल्ने हुनेछ ।

२४०. **ICT Roadmap Development Plan** बनाई बेसीशहरलाई विद्युतिय शासनमैत्री नगरपालिकाको रुपमा अघि बढाईनेछ । यसबाट पारदर्शिता कायम हुनुको साथै सेवा दिने र लिने दुवै पक्षको समयको वचत हुनेछ ।

२४१. नगरपालिकामा हेल्प डेस्कलाई व्यवस्थित गरिनेछ । नगरपालिका र वडा कार्यालयबाट प्रवाह भएको सेवाको सम्बन्धमा डिजिटल (**QR Code**) माध्यमबाट सेवाग्राही सन्तुष्टि फारम भर्ने व्यवस्था मिलाइनेछ । समुदायमा **Digital Literacy Programme** सञ्चालन गर्दै लगिनेछ ।

२४२. एफ.एम.रेडियो, पत्रपत्रिका, टेलिभिजन एवम् सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत जनचेतना, कृषि सेवा, मौसमको पूर्वानुमान, यातायात तथा ट्राफिक सूचना, बजार मूल्य, विपद् तथा महामारी विरुद्ध सचेतना तथा नगरपालिकाले गर्ने विकासको संप्रेषण गरिनेछ ।

२४३. नगरपालिकाबाट सञ्चालन भएका विकास निर्माण लगायतका कार्यक्रमको अनुगमन पद्धतिलाई व्यवस्थित गरिनेछ। अनुगमन प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा छलफल गरिने व्यवस्था मिलाइनेछ।

२४४. विकास निर्माण र नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयहरुमा आइपर्ने समस्याको तत्काल समस्या समाधान गर्न सम्बन्धित क्षेत्रमा विज्ञता भएका कर्मचारी, जनप्रतिनिधि, बौद्धिक व्यक्तिहरु तथा सरोकारवालाहरुलाई समेटेर विशेष कार्यदल बनाइनेछ।

२४५. नगरपालिकाको बस्तुगत विवरणको संक्षेपीकरण गरी प्रकाशन गरिनेछ। साथै नगरपालिका र वडा कार्यालयको नागरिक बडापत्र छपाई गरी वितरण गरिनेछ।

२४६. नगरपालिकाको वेबसाइटलाई प्रभावकारीरुपमा अद्यावधिक गरिनेछ।

२४७. जनप्रतिनिधि र कर्मचारी तथा कर्मचारी कर्मचारीबिचको समन्वय र समिक्षा बैठकहरु आयोजना गरिनेछ।

२४८. नगरपालिकामा आउने जनगुनासो सुनुवाइ, अभिलेख, काटछाट तथा छनौट र गुनासो व्यवस्थापनको लागि**गुनासो पोर्टलको** व्यवस्था गरिनेछ।

२४९. नगरपालिकाभित्रका सवै वडाहरुमा घडेरी तथा व्यापारिक प्रयोजनका जग्गाहरुको विवरण संकलन गरी मूल्यांकन कार्यलाई अद्यावधिक गरिनेछ।

२५०. नगरपालिकाभित्र रहेका सम्पूर्ण शिक्षण तथा स्वास्थ्य संस्थाहरुलाई प्रविधिमैत्री तालिम सञ्चालन र व्यवस्थापन गरिनेछ।

२५१. राजश्वको दायरा फराकिलो बनाउन साथै समयमै कर तिर्ने वातावरण सिर्जना गर्न **कर संकलन कार्यलाई सुत्र प्रणालीमा आवद्ध गरी प्रविधिमैत्री** बनाइनेछ। कर प्रशासनलाई चुस्त बनाउन आवश्यकतानुसार कर सचेतना अध्ययन अवलोकन लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२५२. नगररपालिकाका प्रमुख बस्ती तथा पर्यटकीय गन्तव्यहरुलाई फ्रिवाइफाइ जोन बनाउन आवश्यक पहल गरिनेछ।

२५३. सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ।

२५४. सार्वजनिक एवम् सरकारी सम्पत्तीको अभिलेख सङ्कलन, संरक्षण र व्यवस्थापन गरिनेछ।

२५५. नगरपालिका अन्तर्गतका विद्यालय र वडा कार्यालयहरुमा ई हाजिरी जडान गरिनेछ।

२५६. नगरपालिकाभित्र गठन भएका सवै समितिहरुको बैठकको नियमितता गर्नेतर्फ ध्यान दिई क्रियाशिल बनाइनेछ। नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन कार्ययोजना तयार गरिनेछ।

२५७. सामाजिक क्षेत्रका विभिन्न विधा र विषयमा उल्लेख्य योगदान पुऱ्याउने व्यक्तिहरुलाई सम्मान गर्ने कार्यक्रम अघि बढाइनेछ। साथै कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ र निर्धारित आधार भन्दा पनि न्यून सम्पादन भएका कर्मचारीहरुलाई दण्ड, सजाय गरिनेछ। यसका लागि कार्यसम्पादन कार्यविधि निर्माण गरिनेछ।

२५८. आवधिक योजना र बार्षिक बजेटबिच तादाम्यता कायम गर्दै प्राथमिकताको आधारमा योजना छनौट तथा कार्यान्वयन गर्न **मध्यमकालिन खर्च संरचना** निर्माण गरिनेछ।

२५९. उपभोक्ता समिति, निर्माण व्यवसायी लगायत योजना कार्यान्वयन गर्ने संस्थाहरुमा सुशासन तथा पारदर्शिता कायम गर्दै श्रोतको अधिकतम् तथा बुद्धिमतापूर्ण उपयोग गरे नगरेको बारेमा नियमन गरिनेछ।

२६०. स्थानीय राजपत्र सम्पादन तथा प्रकाशन, परिणाममा आधारित प्रोत्साहन, स्थानीय शासनका असल अभ्यास र सिकाई, कानूनी परामर्श सेवाको व्यवस्थापन जस्ता विषयमा आवश्यक कार्यहरु गरिनेछ।

२६१. आयोजना अनुगमन तथा फरफारक प्रणालीलाई व्यवस्थित बनाइनेछ । साथै आयोजनास्थलमा होर्डिङबोर्ड राख्ने तथा सार्वजनिक परिक्षण गराउने कार्यलाई कडाइका साथ पालना गराइनेछ ।

२६२. नगरपालिकाबाट प्रवाह भएको सेवा, सम्पन्न भएका आयोजनाहरु, वितरण गरिएका सामाग्रीहरु तथा सीपमूलक तालिमहरु आदिको बारेमा अवस्था तथा प्रभाव अध्ययन, खोज अध्ययन कार्यहरु अघि बढाइनेछ ।

२६३. योजना पुस्तक, प्रगति समीक्षा प्रतिवेदन पुस्तक प्रकाशन तथा आयव्यय विवरण नियमित रुपमा सार्वजनिक गरिनेछ । जनताको आवाज मेयरको जवाफ कार्यक्रम लगायत सुशासन र सामाजिक जवाफदेहिता सम्बन्धी कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गरिनेछ । चौमासिक रुपमा समीक्षा गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

२६४. बेसीशहर नगरपालिकाभित्र रहेका जलश्रोतका मुहानहरु दर्ता गर्ने प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

२६५. नगरपालिकाले सञ्चालनमा ल्याएको साना सवारी साधनको अनुगमन, नियमन तथा आवश्यक सहयोग र सहजीकरण समेत गरिनेछ ।

२६६. विकास निर्माण, अनुगमन तथा सञ्चालित विकासको दिगो व्यवस्थापनको लागि टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ ।

२६७. आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति अन्य निर्माण समितिका पदाधिकारीहरुलाई आयोजना कार्यान्वयन, व्यवस्थापन, सुशासन र पारदर्शिता सम्बन्धी वडास्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

सभाध्यक्षज्यू एवम् सभासद्ज्यूहरु

अब म, उपरोक्त नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र श्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

२६८. माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ७९ करोड ७२ लाख ६० हजार खर्च हुने अनुमान गरिएको छ । जसमध्ये, चालुतर्फ ४४ करोड ७९ लाख (५६.१८%) र पुँजीगततर्फ ३४ करोड ९३ लाख ६० हजार (४३.८२%) रहेको छ । आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च वेहोर्ने श्रोतमध्ये संघीय र प्रदेश समानीकरण अनुदानबाट १५ करोड ११ हजार, संघीय र प्रदेश राजश्वबाट १२ करोड ५४ लाख १३ हजार, आन्तरिक आय र स्थानीय राजश्वबाट रु १४ करोड २६ लाख ३६ हजार, संघीय र प्रदेश सशर्ततर्फ ३१ करोड ७७ लाख तथा संघीय र प्रदेश समपुरक/विशेषतर्फ ३ करोड ५० लाख र अन्य तर्फ कुल २ करोड ६५ लाख रहेको छ ।

२६९. विनियोजित बजेटको क्षेत्रगत विनियोजन देहाय वमोजिम प्रस्ताव गरिएको छ ।

क्र सं	विषय क्षेत्र	बजेट रु	प्रतिशत
१	आर्थिक विकास	६ करोड ६९लाख ८५ हजार	८.४०
२	सामाजिक विकास	३४ करोड ६९लाख ३६ हजार	४३.५२
३	भौतिक पूर्वाधार विकास	२२ करोड ४१ लाख ९७ हजार	२८.१२
४	वातावरण तथा विपद व्यवस्थापन	१ करोड ५२ लाख १२ हजार	१.४१
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१४ करोड ७८ लाख ९० हजार	१८.५५
	जम्मा	**७९ करोड ७२लाख ६० हजार**	**१००**

सभासद्ज्यूहरु

२७०. आगामी आ.व.को बजेट चालु आ.व.को हिउँदे सभाबाट संशोधित बजेट भन्दा ४ करोड २७ लाख ६३ हजारले न्यून रहेको गरिमामय सभा समक्ष अवगत गराउँदछु । जसले गर्दा विकास निर्माण खर्चमा ठूलो चाप पैदा भएको छ ।

२७१. आन्तरिक आयतर्फ हालसम्म लक्ष्य अनुसार राजश्व संकलन हुँदै आएको भएतापनि आगामी आ.वमा राजश्व संकलनमा थप चुनौतीहरु देखा परिरहेका छन् । चुनौतीहरुलाई अवसरमा रुपान्तरण गर्दै लक्ष्य वमोजिम नै राजश्व संकलन गर्न सफल हुने विश्वास लिएको छु ।

२७२. यस बजेटबाट नगरपालिकाले लिएका प्राथमिकताको क्षेत्रमा केही न केही परिवर्तन ल्याउने र विकासका जगहरु तयार हुने विश्वास लिएको छु । नीति, कार्यक्रम तथा बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न समुदाय तहको पनि उत्तिकै योगदान आवश्यक पर्ने कुरामा दुइमत छैन ।

२७३. गत आर्थिक बर्ष २०७८।०७९ को यथार्थ आय व्यय, चालु आव २०७९।०८० को प्रस्तावित र संशोधित आय व्यय तथा आगामी आ.व २०८०।०८१ को प्रस्तावित आय व्यय अनुमानको विवरण, आन्तरिक आयतर्फको शीर्षकगत आय विवरण, प्रशासनिक खर्च अनुमान, नगरपालिकाको आर्थिक विधेयक २०८०, विनियोजन विधेयक २०८०, संघीय सरकाराबाट सशर्त समपुरक र विशेष अनुदानतर्फ प्राप्त कार्यक्रम र बजेट यसैसाथ पेश गरिएको छ । नगरपालिका र वडास्तरीय योजना तथा कार्यक्रमहरुको विस्तृत विवरण नगरसभाको आगामी बैठकमा पेश हुने व्यहोरा समेत जानकारी गराउँदछु । संघीय र प्रदेशतर्फका योजना तथा कार्यक्रमहरुसंग दोहोरोपना नहुने गरी नगरपालिकाको योजना तथा कार्यक्रमहरु तय गरिनेछ ।

अध्यक्ष महोदय,

अब म आर्थिक बर्ष २०८०/०८१ का लागि राजश्वका नीति प्रस्तुत गर्न चाहन्छु ।

२७४. स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीयतहलाई सम्पतीकर, भुमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, जडिबुटी कवाडी र जीवजन्तु कर, सेवा शुल्क, प्राकृतिक श्रोत ढुङ्गा, गिटी, बालुवा, माटो विक्री, लगायतबाट कर तथा शुल्क लगाई आन्तरिक श्रोत संकलन गर्न पाउने अवस्था छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर, विद्युत रोयल्टी र वन रोयल्टी समेत स्थानीय तहलाई प्राप्त हुनेछ ।

२७५. स्थानीय सरकाको क्षेत्रभित्रका करका आधार फराकिलो बनाउने, करको दायरामा नआएकालाई दायरामा ल्याई कर तथा गैर कर राजश्वको अधिकतम परिचालन गर्ने नीति लिइएको छ । कर प्रशासनलाई सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाउदै लगिनेछ ।

नगर सभासदस्यज्यूहरु

२७६. नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने सन्दर्भमा कार्यान्वयन कार्ययोजनाका साथ अघि बढ्ने व्यहोरा अवगत गराउँदछु । प्रस्ततु नीति,कार्यक्रम तथा बजेटका सम्बन्धमा नगरसभासद्ज्यूहरुबाट तथा अन्य श्रोतबाट प्राप्त सुझावहरु समेत समेटी नगरसभाबाट पारित हुने अवस्थासम्म पुग्दा संशोधन समेत हुन सक्ने व्यहोरा अनुरोध गर्दछु ।

२७७. यस नीति, कार्यक्रम तथा बजेट तर्जुमाको सिलसिलामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने सवै सरोकारवाला निकायहरु र नागरिकहरुमा हार्दिक आभार व्यक्त गर्दछु । प्रस्तुत नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनको लागि संघीय र प्रदेश सरकारका साथसाथै सम्पूर्ण सरोकारवाला निकायहरु र कर्मचारीहरुबाट पर्याप्त सहयोग मिल्ने विश्वास लिएको छु । धन्यवाद ।

असार १०, २०८० (संशोधन समेत मिलाइएको)

पद्मा गुरुङ
नगर उप्रमुख
बेसीशहर नगरपालिका

४. बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८०

प्रस्तावनाः

बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम, बेसीशहर नगरपालिकाको नगरसभाको तह्रौं अधिवेशनले अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न यो ऐन बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि बेसीशहर नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८० सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बेसीशहर नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले बेसीशहर नगरपालिका सम्झनुपर्छ ।

(घ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका जुनसुकै फर्म सम्झनु पर्छ ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(च) "सभा" भन्नाले बेसीशहर नगरपालिकाको सभा सम्झनु पर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. सम्पति करः

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको घर र जग्गामा सम्पति कर लगाउने छ ।

(२) उपदफा १ बमोजिम सम्पति कर लगाउदा घर र सो घरले चर्चेको जग्गामा सम्पति कर लगाई बाँकी जग्गा र घर नभएको अन्य जग्गामा भुमिकर (मालपोत) लगाइने छ ।
स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा सम्झनु पर्छ ।

(३) नगरपालिका क्षेत्रभित्र लगाइने सम्पति करको दर अनसुची-(१) बमोजिम हुनेछ ।

(४) सम्पति कर प्रयोजनका लागि जग्गा तथा घरको मूल्याङ्कनको आधार अनुसूची-१ (क) बमोजिम हुनेछ ।

(५) चालु आर्थिक बर्षको सम्पति कर सोही आर्थिक वर्षको पौष मसान्त भित्र बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट गरी असुल गरिनेछ ।

(६) चालु आर्थिक बर्षको सम्पति कर सोही आर्थिक वर्षको आषाढ मसान्त भित्र नबुझाएमा **अनुसूची-१ (ख)** बमोजिम जरिवाना असुल गरिनेछ ।

४. भूमीकर (मालपोत):

(१) नगरपालिका क्षेत्रभित्र अनुसूची- २ बमोजिम भूमीकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

(२) २०७१ अगाडिको बक्यौता भुमिकर (मालपोत) मा सतप्रतिशत जरिबाना गरी बाँकी सबै बर्षको असुल गरिनेछ ।

(३) चालु आर्थिक बर्षको भूमीकर (मालपोत) सोही आर्थिक वर्षको पौष मसान्तभित्र बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट गरी असुल गरिनेछ ।

५. घर वहाल कर:

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची-३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

(२) घर जग्गा बहालको आधार दरहरु अनुसूची ३ (क) बमोजिम हुनेछ ।

(३) चालु आर्थिक बर्षको बहाल कर सोही आर्थिक वर्षको पौष मसान्त भित्र एकमुष्ठ बुझाएमा २० प्रतिशत (व्यक्तिको हकमा) छुट गरी असुल गरिनेछ ।

(४) चालु आर्थिक बर्षको बहाल कर सोही आर्थिक वर्षको आषाढ मसान्त भित्र नबुझाएमा **अनुसची-३ (ख)** बमोजिम जरिबाना गरी असुल गरिनेछ ।

६. व्यवसाय कर:

(१) नगरपालिका क्षेत्रभित्र संचालित सबै प्रकारका उद्योग, व्यापार, व्यावसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम बार्षिक व्यवसाय कर तथा दर्ता सिफारिश शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) चालु आर्थिक बर्षको व्यावसाय कर सोही आर्थिक बर्षको आश्विन मसान्तसम्म बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट दिइनेछ ।

(३) चालु आर्थिक बर्षको व्यवसाय कर सोही आर्थिक वर्षको आषाढ मसान्त भित्र नबुझाएमा अनुसची-४ (क) बमोजिम जरिबाना गरी असुल गरिनेछ ।

७. जडिबुटी, कवाडी र जीवजन्तु कर:

